का.जि.प्र.का.द.नं. १००/०५९/६०
२९ असार २०८२,
आइतबार
13 July, 2025
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २३, अंक १६१ । पृष्ठ ८
Madhyanha National Daily
www.madhyanhadaily.com




विद्याको 'इन्ट्री'

# ठूला ३ दलमा हलचल

एमालेमा विद्यादेवी भण्डारीको पुनरागमनले माओवादीमा पनि नेतृत्वको विकल्प खोज्न बाटो खुल्ने त्रासमा अध्यक्ष प्रचण्ड रहेको पार्टीकै नेताहरू बताउँछन्











१० औं महाधिवेशनका प्रतिनिधिमात्रै सहभागी हुन पाउने भएकाले पूर्वराष्ट्रपति विधान महाधिवेशनमा प्रतिनिधिका हैसियतले सहभागी हुने बाटो बन्द रहेको प्रष्ट छ

■ **शंकर पोखरेल**
**महासचिव, नेकपा एमाले**



पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी एमालेको सक्रिय राजनीतिमा फर्किँदा वामपन्थी एकताको सकारात्मक सम्भावना छ

■ **राजन दाहाल**
**नेता, माओवादी केन्द्र**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २८ असार ।

नेकपा (एमाले)की पूर्वउपाध्यक्ष समेत रहेकी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको राजनीतिक पुनरागमनले नेकपा (एमाले)सहित २ ठूला राजनीतिक दलमा पनि हलचल ल्याएको छ।

गत १४ असारमा औपचारिक रूपमा आफू एमालेबाट सक्रिय राजनीति गर्ने घोषणा गरेकी भण्डारीको विषयमा एमालेमा २ धार स्पष्ट देखिएको छ ।

भण्डारीले पार्टी सदस्यता नवीकरण गरेर फेरि पार्टी काममा फर्किने विषयमा एमाले महासचिव शंकर पोखरेलले पार्टीभित्र त्यो विषय कुनै एजेण्डा नबनेको बताउँछन् ।

'आसन्न विधान महाधिवेशनमा १० औं महाधिवेशनका प्रतिनिधिमात्रै सहभागि हुने परिभाषित व्यवस्था »» पृष्ठ २ मा

विद्यालय शिक्षा विधेयक

# आफैंले सकारेको म्याद गुजार्दै सरकार



कार्यपालिकाले समितिमाथि दबाब दिन खोजेको छ । शिक्षक महासंघले सरकारमाथि सबै माग पूरा गराउन दबाब दिइरहेको छ र सरकारले समितिलाई त्यही गर्न आग्रह गरिरहेको छ

■ **अमरबहादुर थापा**
**सभापति**
**शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति**

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २८ असार ।

विवादित विद्यालय शिक्षा विधेयक शिक्षा, विज्ञान तथा प्रविधि रघुजी पन्तले असार २२ मा नेपाल शिक्षक महासंघसँग छलफल गर्न ५ दिनको समय मागेका थिए । तर माग गरेको ५ दिनको समय सकिएपनि उनले विधेयक पारित गर्न थप एक साताको समय मागेका छन् ।

असार २२ गतेका लागि बोलाइएको प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा विद्यालय शिक्षा विधेयक पारित गर्ने कार्यसूची थियो । तर, मन्त्री पन्तले नेपाली कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेको समर्थनमा शिक्षक महासंघसँग छलफल गर्न पाँच दिनको समय मागेपछि बैठक सारिएको थियो ।

समितिले विवादास्पद विषयमा छलफल गरी असार २७ शुक्रबार भित्र टुंग्याउने सहमति गरेको थियो । समितिले विधेयक टुंग्याउन माग गरेको यो तेस्रो पटक हो ।समितिले सरकारले माग गरेअनुसार विधेयक पारित प्रक्रिया सार्दै आएको छ । म्याद सकिएसँगै शिक्षामन्त्रीले फेरि एक साताको समय माग गरेका छन् ।

समिति अध्यक्ष अमरबहादुर थापाले भने, 'मलाई बैठक एक हप्ता सार्न भनिएको छ। निर्वाचन क्षेत्रमा जान पनि भनिएको छ । म त एक दिन पनि सार्न चाहन्न ।' अध्यक्ष थापाले आइतबार समिति सदस्यहरूसँग थप परामर्श गरेर निर्णय लिने पनि बताए ।

उनका अनुसार विधेयकमाथि अन्तिम छलफल सोमबार राख्ने र मतदान प्रक्रियामा लैजाने योजना छ । 'तर, शिक्षामन्त्री अनुपस्थित रहेमा छलफल सम्भव हुँदैन । अब के हुन्छ, हेर्न बाँकी छ,' उनले भने ।

सरकार विधेयक फिर्ता धकेल्न चाहन्छ भने पनि विपक्षी दल तथा सत्तापक्षका केही सांसदहरू यसमा असहमति जनाउँदै आएका छन् । असार २२ कै बैठकमा नेकपा

(माओवादी केन्द्र) की सांसद तथा पूर्वमन्त्री रेखा शर्मा र सांसद देवेन्द्र पौडेलले विधेयक ढिलाइ गर्न नहुने बताएका थिए । एमाले सांसद तथा पूर्व शिक्षामन्त्री विद्या भट्टराईले पनि विधेयक पारित हुनुपर्नेमा जोड दिएकी थिइन् । »» पृष्ठ २ मा

# आन्तरिक कलहमा राप्रपा

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २८ असार ।

संसदको पाँचौ दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मा आन्तरिक कलह चुलिएको छ । पार्टी अध्यक्ष राजेन्द्र लिङ्देनले अनुशासन समितिका अध्यक्ष नवराज सुवेदीलाई पदबाट हटाएपछि असन्तोष चुलिँदै गएको हो ।

लिङ्देनले असार २५ गते सुवेदीलाई पदमुक्त गरेपछि आक्रोशित बनेको इतर समूह लिङ्देनको निर्णयविरुद्ध निर्वाचन आयोगमा उजुरी दिने तयारी गरेका छन् ।

राजसंस्था र हिन्दुराष्ट्र पुनःस्थापनाको पक्षमा सक्रिय संयुक्त जनआन्दोलन समितिका संयोजकसमेत रहेका सुवेदीको बर्खास्ती पार्टी विधानविपरीत भएको भन्दै आइतबार बिहान साढे ११ बजे आयोगमा जाने तयारी गरेको नेताहरूले बताएका छन् ।

अध्यक्ष लिङ्देनले सुवेदीलाई हटाउँदै पार्टी उपाध्यक्ष रोशन कार्कीलाई अनुशासन समितिको अध्यक्ष र प्रवक्ता सगुन सुन्दर लावतीलाई पदबाट हटाका थिए । सोही विषयलाई लिएर शनिबार संस्थापन इतर समूहले महामन्त्री धवलशमशेर राणाको अपार्टमेन्टमा भेला गरेका थिए । यसअघि लिङ्देनले महामन्त्री धवलशम्शेर राणालाई संगठन विभाग प्रमुखबाट हटाइसकेका छन् ।



शनिबारको भेलामा पार्टी निर्देशन समिति अध्यक्ष डा. प्रकाशचन्द्र लोहनी, पूर्वमन्त्री हरिबहादुर बस्नेत, वरिष्ठ उपाध्यक्ष विक्रम पाण्डे, उपाध्यक्ष मुकुन्दश्याम गिरी, महामन्त्री कुन्तीकुमारी शाही, बर्खास्तीमा परेका प्रवक्ता सगुन सुन्दर लावती, प्रवीणकुमार थोकर तामाङ, प्रेम बलायर, ऋषिराज देवकोटा, सौरेन्द्रबहादुर शाह, जनकराज पाठक, रञ्जन कार्की, मिना शाही, कर्णबहादुर शाही, किशोर कार्की र निरञ्जन थापालगायत नेताहरूको उपस्थिति थियो । भेलामा लिङ्देनले विधानविपरीत ढंगले आलोचकहरूलाई लक्षित गरी पदमुक्त गरिरहेको भन्दै तीव्र आलोचना गरेका छन् ।

तर, अध्यक्ष लिङदेनले पार्टीमा आफ्नो कुनै गुट नभएको बताएका छन् । संस्थापन इतर नेताहरूको भेलालाई लक्षित गर्दै उनले भने, 'पार्टीभित्र मेरो गुट छैन, मेरो पार्टीभित्र कोही विपक्षी छैन, जसले पार्टीलाई मुठ्ठीमा राख्न खोज्छ, नयाँ मान्छेहरू आउँदा शत्रु आए जस्तो ठान्छ । ती मानिसहरूसँग मेरो फरक मत छ ।' नयाँ मानिसहरू »» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# वैदेशिक रोजगारका लागि लिइएको ऋण विपन्नमा गणना गरिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ असार ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/०८३ को मौद्रिक नीतिले मुलुकको अन्य क्षेत्रसँगै वैदेशिक रोजगारीमा जाने युवायुवतीहरूलाई पनि राहत दिने योजना अघि सारेको छ ।

शुक्रबार सार्वजनिक मौद्रिक नीतिमा धितो लिइ वा नलिइ वैदेशिक रोजगारमा जाने पुरुषलाई प्रवाह भएको ३ लाख र महिलाको हकमा प्रवाह भएको ५ लाख रुपैयाँसम्मको कर्जालाई विपन्न वर्गको कर्जामा गणना गर्न सकिने व्यवस्था गरिने उल्लेख छ ।

किसान, न्यून आय भएको वर्ग, महिला, सामाजिकरूपमा पिछडिएका, आदिवासी, जनजाति, फरकरूपमा सक्षम, भूमिहीन परिवारका श्रमिकलाई विपन्न वर्गको रूपमा मान्ने गरिएको छ । उनीहरूलाई होटल/रेष्टुरेन्ट, बेकरी, किराना पसल, कपडा बेच्ने तथा सिलाउने पसल, हस्तशिल्प, तरकारी तथा फलफूल पसल, मिठाइ तथा दुग्धजन्य पदार्थ बेच्ने पसल, फलामका सामान वेल्डिङ, ग्रिल, मोटरसाइकल, साइकल बनाउने पसल, आदि स्थापना तथा सञ्चालन गर्न र कृषिका लागि कृषकलाई ट्र्याक्टर किन्न यो ऋण वाणिज्य बैंकहरूमार्फत प्रदान गर्ने गरिन्छ ।

अब लघुवित्तहरूमार्फत यो ऋण पाउने भएपछि वैदेशिक रोजगारीमा जाने कामदार मिटरब्याजको पासोमा पर्नु नपर्ने सरकारको भनाइ छ। कर्जा अवधि अधिकतम ५ वर्षसम्म रहने भएकाले वैदेशिक रोजगारमा जाने विपन्न वर्गका युवायुवतीलाई राहत पुग्ने आंकलन गरिएको छ ।

यता श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बिनाधितो ऋणसम्बन्धी कार्यविधि २०८२ अन्तिम चरणमा पुगेको बताएको छ। मन्त्रालयले खाडी मुलुक जानेलाई २ लाख र युरोप जानेलाई ५ लाख रुपैयाँ ऋण दिनुपर्ने विषयमा वाणिज्य बैंकलगायत अन्य सरोकारवालाहरूसँग छलफल गरेको छ ।

श्रममन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगारमा जाने विपन्न श्रमिकहरूले सहज र सरल तरिकाबाट ऋण पाएको अवस्थामा मिटरब्याजीको पासोबाट बचाउन सकिने बताएका छन् । यसबाट श्रमिकहरू विदेश गएर कमाएर पछि फर्किंदासम्म ऋणबाट मुक्त हुने र राज्यले प्रदान गर्दै आएको सामाजिक सुरक्षा, बीमा जस्ता अन्य सुविधाहरू पनि पाउने भएकाले समाजको विपन्नता कम हुँदै जाने उनले बताएका छन् ।

सरकारले २०८१/०८२ को बजेट वक्तव्यमार्फत पनि वैदेशिक रोजगारीमा जानका »» पृष्ठ २ मा

### मलेसियामा सबै कामदारले तलबको २ प्रतिशत कोषमा जम्मा गर्नुपर्ने

**क्वालालम्पुर/मस-** मलेसियाले आगामी अक्टोबरदेखि आप्रवासी कामदारहरूले कर्मचारी सञ्चय कोषमा आफ्नो मासिक तलबको २ प्रतिशत योगदान गर्नुपर्ने नीति कार्यान्वयनमा ल्याउने भएको छ ।

मलेसिया कर्मचारी सञ्चय कोषले नयाँ नियम घरेलु कामदारहरू बाहेक सबै विदेशी कामदारहरूमा लागू हुने बताएको छ । हाल मलेसियामा विदेशी कामदारहरूको कर्मचारी सञ्चय कोषमा सहभागिता स्वेच्छिक मात्रै छ ।

राष्ट्रियताको पर्वाह नगरी विदेशी कामदारको कर्मचारी सञ्चय कोषमा योगदान अनिवार्य गर्ने कदमले सामाजिक सुरक्षामा पहुँच सुनिश्चित गरी श्रम बजारमा समानता र निष्पक्षतालाई प्रवर्द्धन गर्ने मलेसियाका अधिकारीहरू बताउँछन्। मलेसियामा हाल न्यूनतम मासिक तलब १७ सय रिंगेट छ । २० लाख बढी »» पृष्ठ २ मा

**विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना**

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरुको विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम भुक्तानी गर्न बाँकी रहेकोले यही मिति **२०८२ असार मसान्त**भित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक
कमलपोखरी, काठमाडौं
०१५३२६३६६, ०१५३२८२९८
madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com
www.madhyanhadaily.com

# आधुनिक लोकतन्त्रको विकल्प छैन : सभामुख

**काठमाडौं/मस**–सभामुख देवराज घिमिरेले आधुनिक लोकतन्त्रको विकल्प नभएको दाबी गरेका छन्।

शनिबार भक्तपुरमा आयोजित एक कार्यक्रममा बोल्दै उनले अहिलेको लोकतन्त्रलाई अझ बलियो बनाउनका लागि सबै राजनीतिक दलहरुले आफ्नो ठाउँबाट महत्वपूर्ण भूमिका खेल्न जरुरी रहेको बताए।

उनले राजनीतिक क्षेत्रमा ठूलो परिवर्तन गर्नेकुरा मुलुकमा रहेका राजनीतिक दलहरुको नै भएकाले जनताको समस्यालाई सम्बोधन गर्ने र जनताको आवाजलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्ने काम राजनीतिक दलहरुको नै रहेको बताए। उनले राजनीतिक दलहरुले आफ्नो सिद्धान्त र सिद्धान्तमा आधारित कार्यक्रम कार्यान्वयन गर्न संसदमा प्रभावकारी भूमिका खेल्न जरुरी रहेको बताए।



सभामुख घिमिरेले भने,'आधुनिक लोकतन्त्रको विकल्प मलाई लाग्छ केही छैन तर यो भइरहेको लोकतन्त्रलाई अझ बलियो बनाउनका लागि खेल्नुपर्ने भुमिका खेल्ने कोशिसहरु राजनीतिक दल बाहेक अरु के हुनसक्छ ? राजनीति, धार्मिक संघसंस्थाहरु, अन्य सामाजिक प्रभावकारी संघसंस्थाहरु, वा विभिन्न खालका विगतका केही धार्मिक राजतन्त्र, परम्परागत राजतन्त्र भएका मुलुकहरु यिनीहरुका शक्तिहरु होइनन्। वास्तवमा राजनीतिक शक्तिबाट यो मुलुकलाई परिवर्तन गरेर राजनीतिक क्षेत्रमा ठूलो परिवर्तन गरेर विभिन्न बाटो हुँदै आएका विभिन्न राजनीतिक दलहरु नै यसका महत्वपूर्ण मेरुदण्ड हुन्। ति मेरुदण्डहरुले जनताको समस्यालाई सम्बोधन गर्ने र जनताको आवाजलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्ने माध्यम उनीहरुको संसद हो। संसदको माध्यमबाट यि सबै कामहरु गर्दछन्। आफूलाई करेक्शन पनि गर्नुपर्छ। सिद्धान्त र सिद्धान्तमा आधारित कार्यक्रम के हुन्, कार्याक्रम कार्यान्वयन गर्न संसदमा के भुमिका खेल्छन् भन्नेकुरा महत्वपूर्ण छ।'

सभामुख घिमिरेले राजनीतिक दलहरु जनताप्रति उत्तरदायी हुनुपर्ने बताए। आजको आवश्यकता पूरा गर्ने नेतृत्व निर्माणमा राजनीतिक दलहरु जानुपर्ने बताए।

इमान, निष्ठा, समर्पण आज खड्किएको उनले बताए।

# 'अहिलेको संघीय संरचना भत्काउनुपर्छ'



**काठमाडौं/मस**–जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादवले समानतामा आधारित प्रणाली नभएसम्म लोकतान्त्रिक गणतन्त्रको अर्थ नरहेको बताएका छन्। शनिबार काठमाडौंमा आयोजित दलित, पिछडावर्ग, थारु, आदिवासी र अल्पसंख्यकहरुको राष्ट्रिय भेलामा बोल्दै उनले प्रदेशहरुको संरचना घुमाइ घुमाइ बनाइएको बनाइएको जिकिर गरे।

उनले ८ वटा जिल्ला मात्रै मधेश नभएको बताए। उनले बाँकी सबै ६ प्रदेशमा कम संख्या भएको समुदायको हाली मुहाली हुनेगरी बनाइएको बताउनु भयो। यो संरचनागत विभेल भएको जिकिर गरे। उनले नेपालमा प्रदेशहरुको आकार पहिचान र सामर्थ्यका आधारमा हनुपर्ने बताए। उनले लोकतन्त्रलाई समावेशी लोकतन्त्र नबनाएसम्म, लैंगिक असमानता र विभेद अन्त्य नगरेसम्म मुलुकमा शान्ति, स्थिरता, विकास र समृद्धि प्राप्त नहुने बताए। त्यसैले अहिलेको संघीयता संरचना भत्काउनुपर्ने बताए। अहिलेको संरचनामा सबै भाषाहरुलाई समानताका साथ मान्यता नदिइएको, दलित र गैरदलितको भेदभावको अन्त्य गर्न नसक्ने भएकाले अहिलेको संरचना भत्काउन जरुरी रहेको बताए।

अध्यक्ष यादवले समानताका आधारमा न्यायोचित वितरण नभएसम्म सामाजिक न्याय सम्भव नरहेको बताए। उनले समानता र सामाजिक न्याय नभएको ठाउँमा लोकतन्त्रको अर्थ नरहने बताए। कार्यक्रममा नागरिक उन्मुक्तिका संस्थापक रेशम चौधरीले पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालप्रति लक्षित गर्दै मान्छे मारेको स्वीकार गर्नेहरुलाई केही नगरिएको टिप्पणी गरे।

उनले आफूलाई अहिले पनि टिकापुर हत्याकाण्ड गरिस् भनेर गाली गर्ने गरेको बताए। उनले तर आफू टिकापुर घटनामा घटनास्थलमै नरहेको भएपनि सबैभन्दा ठूलो हत्याको बिल्ला भिराइएको बताए।

उनले मान्छे नमार्ने थारुहरु हत्यारा भएको तर मान्छे मार्नेहरु सरकारमा सँगै रहेर पनि मान्छे मारेको स्वीकार गर्नेहरुलाई यत्तिकै छोडिएको बताए। नेपाल न्याय मरेको देश भएको टिप्पणी गरे।

संस्थापक चौधरीले भने,'म मेरो सामाजिक सञ्जालमा कहिले कहीँ हेर्छु। मार गाली गर्छन् मलाई। टिकापुर घटनामा मान्छे छैन, सबैभन्दा ठूलो हत्याको बिल्ला भिरेको छु। बच्चाको बाउ, आमा मसँग बिहान बेलुका हुनुहुन्छ। मेरो परिवारको बच्चा मऱ्यो, मलाई भन्छन् बच्चाको हत्याारा, हत्यारा, हत्यारा हुँ। हामी मान्छे नमार्ने थारुहरु हत्यारा भयौं। मान्छे मार्नेहरु उनैसँग छन् फेरि। सँगसँगै छन्। उनले मार्‍यौं पनि भन्छन्। बडा पीडा छ दाई। न्याय मरेको देश। अब बिद्रोह गरौं, केका लागि विद्रोह गर्ने ? कसलाई मार्नलाई विद्रोह गर्ने ? '

संस्थापक चौधरीले मानिसहरु अब धेरै टाढिसकेको भन्दै विदेशको नागरिकता लिएर उतै बसेका मानिसहरुसँग आगामी चुनावमा हारिएला भनेर विदेशीहरुको भोट चलाउने प्रपञ्च भइरहेको बताए।

# पूर्वनिर्वाचन आयुक्त शर्माको निधन

**काठमाठौं/मस**–

पूर्वनिर्वाचन आयुक्त एवं पूर्वपत्रकार इला शर्माको हृदयाघातका कारण निधन भएको छ। सिटिजन्स् बैंक इन्टरनेशनल लि.की सञ्चालक समिति सदस्य समेत रहेकी शर्माको शनिबार साँझ नर्भिक अस्पतालमा निधन भएको हो। उनको दाहसंस्कार आज गरिने जनाइएको छ। उनले लामो समयसम्म द राइजिङ नेपालमा काम गरेकी थिइन्। उनका दुई छोरी छन्।



पारिवारिक स्रोतका अनुसार आइतबार बिहान ९ देखि १० बजेसम्म उनको पार्थिव शरीर कुपण्डोलस्थित निवासमा राखिने छ। दिल्लीमा रहेकी उनकी छोरीको आगमनपछि दिउँसो अन्त्येष्टि गरिने बताइएको छ।

शर्माले त्रिभुवन विश्वविद्यालयबाट सार्वजनिक अन्तर्राष्ट्रिय कानुन र मानव अधिकार विषयमा एलएलएम गरेकी थिइन् भने युकेको युनिभर्सिटी अफ हलबाट अन्तर्राष्ट्रिय व्यापार र विकास अध्ययनमा एलएलएम गरेकी थिइन्।

उनले कानुन, मिडिया, शिक्षा, विकास, मानव अधिकार, व्यापार, वातावरण, र निर्वाचन प्रणाली सुधारजस्ता क्षेत्रमा तीन दशकभन्दा बढी समय समर्पण गरेकी थिइन्।

शर्माले निर्वाचन कानुन, नियमावली र निर्देशनको मस्यौदा तयार गर्ने उच्चस्तरीय समितिको नेतृत्व गरेकी थिइन्। उनले काठमाडौं विश्वविद्यालय र ओस्लो विश्वविद्यालयको सहकार्यमा निर्वाचन आयोगमार्फत सञ्चालित एकेडेमिक मास्टर्स कोर्सको डिजाइन र अध्यापनमा पनि महत्वपूर्ण योगदान दिएकी थिइन्।

त्यसैगरी, शर्माले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा यूएनडीपी परियोजनामा राष्ट्रिय परामर्शदाताको भूमिका निभाउनुका साथै विभिन्न अन्तर्राष्ट्रिय सञ्जालहरूमार्फत संयुक्त राष्ट्रसंघमा मानव अधिकार, अन्तर्राष्ट्रिय व्यापार र विकासका मुद्दामा रणनीतिक कार्य योजनाहरूमा काम गरेकी थिइन्। फुड फर्स्ट इन्फर्मेसन एन्ड एक्सन नेटवर्क (फियाने) नेपालको संस्थापक उपाध्यक्ष, साउथ एसियन वुमन इन मिडिया र साउथ एशिया वाचजस्ता संस्थाहरूको कार्यकारी समितिमा समेत उनको सक्रिय संलग्नता थियो।

# 'कानुनबमोजिम सबैले नागरिकता पाउनुपर्छ'

**काठमाडौं/मस**–आमाको नामबाट नागरिकता पाउने गरी नेपाल नागरिकता दोस्रो संशोधन विधेयक प्रतिनिधिसभाबाट पास भएपछि नागरिकताविहीन संघर्ष समितिले गृहमन्त्री रमेश लेखकसँग भेट गरेको छ।

समितिका अध्यक्ष इन्द्रजीत सार्कीलगायत पदाधिकारीको टोलीले शनिबार उनलाई भेटेर आमाका नामबाट नागरिकता दिने व्यवस्थासहित लाखौं नागरिकताविहीनलाई नागरिक बनाउन नागरिकता ऐन संशोधन विधेयक प्रतिनिधिसभाबाट बहुमतले पारित भएर राष्ट्रियसभामा पेस भएकामा गृहमन्त्रीलाई धन्यवाद दिएको छ।



'नेपालको संविधानअनुसार सबैले नागरिकता पाउनुपर्छ, कानुनको अभावमा कसैले त्यो नपाएको भए बाधक कानुन परिमार्जन गर्नेगरी छलफल गर्नुपर्छ,'गृहमन्त्री लेखकले भने।

## विद्याको...

भएकाले मनोनित गर्ने अवस्था छैन', उनले भने 'यो व्यवस्थाले पार्टी सदस्यता नवीकरण गरे पूर्वराष्ट्रपतिलाई उक्त महाधिवेशनमा प्रतिनिधिका हैसियतले सहभागी हुने बाटो बन्द रहेको प्रष्ट भएको छ।' उनको यो भनाइ अनुसार पार्टीले निर्णय गर्ने हो भने पूर्वराष्ट्रपति भण्डारी सहज रूपमा राजनीतिक जिम्मेवारीमा प्राप्त नहुन सक्छ।

यो विषयमा नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र)समेत सशंकित बनेका हुन्। पूर्वराष्ट्रपति भण्डारी एमालेको सक्रिय राजनीतिमा फर्किंदा वामपन्थी एकताको लागि सकारात्मक वातावरण बन्न सक्ने माओवादी केन्द्रका सांसद राजन दाहालले बताए। 'एमालेलाई केपी ओलीले अपहरण गरेर बन्धक बनाउनुभएको छ। एमाले ओलीको अपहरणबाट मुक्त नभइकन वामपन्थीहरूबीच एकता असम्भव छ', उनले भने 'तर पूर्वराष्ट्रपति भण्डारी एमालेको सक्रिय राजनीतिमा फर्किंदा वामपन्थी एकताको सकारात्मक सम्भावना छ।'

तर, माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड भने विद्याको राजनीतिक आगमनप्रति सशंकित छन्। पार्टीका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र भण्डारीबीच भएको भेटवार्ताको विषय पार्टीको सचिवालय बैठकमा समेत उठ्यो। एमाले अध्यक्ष ओली र पूर्वराष्ट्रपति भण्डारीको सोचमा तात्विक भिन्नता नभएकाले उनलाई पार्टीका नेताहरूले उचाल्न जरुरी नभएको अध्यक्ष प्रचण्डले बैठकमा ब्रिफिङ गरेका थिए।

'पार्टी बैठकमा यो विषयले प्रवेश पाएपछि थप चर्चा चुलियो', बैठकमा प्रचण्डको कुरा उद्धृत गर्दै माओवादीका एक पदाधिकारीले भने मध्यान्हसँग भने', 'एमाले राजनीतिमा पूर्वराष्ट्रपति भण्डारीको आगमनलाई लिएर हाम्रा केही साथीहरूले पनि भेट गर्नुभएको थियो। त्यससम्बन्धमा पार्टी अध्यक्ष कमरेडले ओली र विद्याको सोचमा खासै फरक नभएकाले उनलाई राजनीतिमा उचालिरहन आवश्यक नभएको विषयमा सामान्य चर्चा गर्नुभयो।'

अध्यक्ष प्रचण्डले नै भण्डारीको विषयमा गम्भीर चासो व्यक्त गरेपछि पार्टीभित्र नारायणकाजी पक्षका नेताहरू असन्तुष्ट बनेका छन्। वरिष्ठ उपाध्यक्ष श्रेष्ठले एमालेको राजनीतिमा हाम फालेकी भण्डारीलाई अघिल्लो हप्ता भेटेर वाम एकताका लागि सक्रिय राजनीतिमा आउनु स्वागत योग्य भएको बताएका थिए। एमालेमा भण्डारीको पुनरागमनले माओवादीमा पनि नेतृत्वका विकल्प खोज्न बाटो खुल्ने त्रासमा प्रचण्ड रहेको पार्टीकै कतिपय नेताहरू बताउँछन्।

उता नेपाली कांग्रेसमा पनि विद्याको राजनीतिक चर्चा त्यत्तिकै छ। पूर्वप्रधानमन्त्रीसमेत रहेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष तथा प्रधानमन्त्री ओलीबीच केही दिन अघि प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटमा विद्याको राजनीतिक आगमनको चर्चा भएको थियो। २ नेताबीचको भेटमा भण्डारीको राजनीतिक पुनरागमनले राष्ट्रपति पदको गरिमामाथि प्रश्न खडा हुने छलफल भएको प्रधानमन्त्रीको सचिवालय श्रोतको दाबी छ।

देशको गरिमामय पदमा पुगिसकेका व्यक्तिहरू फेरि राजनीतिमा फर्कदा लोकतन्त्रप्रति नै गलत सन्देश जाने भएकाले भण्डारीको राजनीतिक पुनरागमन राम्रो नभएको कांग्रेस सभापति देउवाले ओलीलाई बताएका थिए। जवाफमा प्रधानमन्त्री ओलीले आफ्नो पनि यस्तै विचार रहेको बताएको उनको सचिवालयले जनाएको छ। उनी सक्रिय राजनीतिमा आउँदा अध्यक्ष ओलीलाई आगामी महाधिवेशनमा अध्यक्ष हुनबाट रोक्ने डर छ। उनको राजनीतिक पुनरागमनले कम्युनिष्ट पार्टीबीच एकता हुन सक्ने र ओलीपछि पनि सरकारको नेतृत्वमा आफु पुग्न नसक्ने अवस्था आउने कांग्रेसका सभापति देउवाको आँकलन छ।

यता एमाले अध्यक्ष ओली र उनी निकटका नेताहरू भण्डारीलाई रोक्न पार्टीको विधानमा भएको नेतृत्वको ७० वर्ष उमेर हद र २ कार्यकालको व्यवस्था हटाउन कम्मर कँसेर लागेका छन्। त्यसो हुँदा फेरि पनि ओलीलाई नै अध्यक्ष बनाउने उनीहरूको योजना छ। तर एमाले नेता विद्या भण्डारीले भने ओलीले आफैलाई सहयोग गर्ने विश्वास व्यक्त गरेकी छन्।

ओलीकै चाहनाअनुसार ७० वर्षे उमेर हद र २ कार्यकालको व्यवस्था हटाउने प्रयास भएको ओली इतरका नेताहरूले बताउँछन्। महासचिव पोखरेललगायत नेताहरू भण्डारीलाई रोक्ने र फेरि पनि ओलीलाई नै अध्यक्ष बनाउने लाइनमा प्रष्ट लागेको देखिन्छ।

तर, एमालेका वरिष्ठ उपाध्य ईश्वर पोखरेलले भने पूर्वराष्ट्रपति भण्डारीलाई आगामी नेतृत्वको विकल्पका रूपमा हेरेका छन्। त्यसैलाई मध्यनजर गर्दै उनले नेतृवका लागि पार्टी विधानमा भएको ७० वर्षे उमेर हद र २ कार्यकालको व्यवस्था विधान महाधिवेशनबाट पारित गर्नुपर्ने पक्षमा छन्। आगामी भदौ तेस्रो हप्ता हुने एमालेको विधान महाधिवेशनको तयारी भइरहँदा भण्डारीको राजनीतिक यात्रालाई लिएर निकै चर्चा हुने गरेको छ। एमालेका पोलिटव्यूरो सदस्य कर्ण थापाले पूर्वराष्ट्रपति भण्डारीको पार्टी राजनीतिक यात्राले एमाले अझै बलियो बन्ने विश्वास व्यक्त गरेका छन्।

२०७४ को निर्वाचनपछि पार्टीको उपाध्यक्षबाट राजीनामा दिदै राष्ट्रपति बनेकी उनी २०७९ को निर्वाचनपछि ७ वर्षे राष्ट्रपति कार्यकाल सकाएर शीतल निवासबाट निजी निवास फर्केकी थिइन्। त्यसयता सक्रिय राजनीतिमा आउने योजनासहित देशभर विभिन्न कार्यक्रममा हिंडेकी भण्डारीले १४ असारमा पार्टी अध्यक्ष तथा प्रधानमन्त्री ओलीलाई छेउमा राखेर पार्टी राजनीतिमा फर्किएको बताएकी थिइन्। भण्डारीले पूर्वराष्ट्रपतिको हैसियतमा लिदै आएको सेवा सुविधासमेत फिर्ता गरेर पार्टीको आगामी नेतृत्वको संकेत गर्दै सक्रियताकासाथ राजनीतिमा होमिएकी छन्।

## आफैंले...

अध्यक्ष थापाले कार्यपालिकाले समितिमाथि दबाब दिन खोजेको बताए। उनका अनुसार शिक्षक महासंघले सरकारमाथि सबै माग पूरा गराउन दबाब दिइरहेको छ, र सरकारले समितिलाई त्यही गर्न आग्रह गरिरहेको छ।

'तर, कुन माग स्वीकार्ने, कुन अस्वीकार गर्ने भन्ने अधिकार समितिकै हो,' थापाले भने, 'हामीले उपसमितिमा गरेका मूल सहमतिहरू म परिवर्तन गर्न सक्दिन।'

## आन्तरिक...

नआई पार्टी ठूलो बन्दै नबन्ने भन्दै अध्यक्ष लिङदेनले कांग्रेस, एमाले, माओवादीबाट मानिसहरू ल्याउनुपर्ने बताए।

गत १५ चैतमा भएको राजावादीहरूको हिंसात्मक आन्दोलनसँगै नेताहरूबीच असन्तुष्टि बढ्न थालेको थियो। पूर्वपञ्च सुवेदी नेतृत्वमा बनेको संयुक्त जनआन्दोलन समितिमा जानकारी नै नदिई आफूलाई सदस्य राखेकोप्रति लिङ्देनले आपत्ति जनाउँदै उक्त समितिमा नरहने वक्तव्य जारी गरेका थिए। त्यस्तै पार्टीका उपाध्यक्ष रविन्द्र मिश्र र महामन्त्री धवल शमशेर राणालाई समेत सो समितिमा नबस्न पार्टीले निर्देशन गरेको थियो। तर, पार्टीको निर्देशन नमानी सुवेदीकै समितिको जिम्मेवार पदमा बसेर १५ चैतको आन्दोलनमा सहभागि भएर उक्त आन्दोलनलाई हिंसात्मक बनाउन सहयोग पुऱ्याएको पार्टीका नेताहरूले आरोप लगाउँदै आएका थिए।

तर, सुवेदी सहितका नेताहरूले भने राप्रपाले राजाको एजेण्डालाई पूर्ण सहयोग नगरेको भन्दै प्रश्न उठाउँदै आएका छन्। राजावादीहरूको गरेको तीनकुने आन्दोलनमा २ जनाको ज्यान गएको थियो भने व्यक्तिका दर्जनौं भवनहरू क्षति गरेका थिए। सो आन्दोलनमा संलग्न राप्रपाका उपाध्यक्ष मिश्र र महामन्त्री राणामाथि मुद्दा विचाराधीन छ। अध्यक्ष लिङदेनले राजावादी आन्दोलन आफ्नो नेतृत्वमा नभएको, सहयोगमात्रै गरेको भन्ने कुरा पार्टीकै नेताहरूले बुझ्नुपर्ने बताए। राजसंस्थाको विषयमा असहयोग गरेको सन्दर्भमा अध्यक्ष लिङदेनले आजै गणतन्त्र समाप्त भएर राजालाई नारायणहिटीमा राख्ने चाहना रहेको जिकीर गरे।

पार्टीमा नयाँ व्यक्तिहरूको आगमनलाई स्वागत गर्नुपर्ने भएकाले केही जिम्मेवारी हेरफेर गरिएको उनले बताएका छन्।

## वैदेशिक...

लागि बिनाधितो ऋण दिने व्यवस्था ल्याएको थियो। वैदेशिक रोजगारमा जान बिनाधितो ऋण पाउन कामदारले वैदेशिक रोजगारदाता कम्पनीसँग तलबबाट उक्त ऋण तिर्ने सम्झौता करारको प्रति पेश गर्नुपर्नेछ। सम्झौताको प्रति पेश भएपछि बैंकले कामदारले पाउने मासिक तलब उक्त खातामा पठाउन आग्रह गरी पठाएको पत्रमा रोजगारदाताले मन्जुरी जनाएपछि बैंकले ऋण दिन सक्ने बताइएको छ।

## मलेसियामा...

विदेशी कामदार रहेको मलेसियामा ४ लाख बढी नेपाली वैधानिकरूपमा कार्यरत रहेका छन्। विदेशी कामदारको कर्मचारी सञ्चय कोषमा योगदान अनिवार्य गर्ने कदमले उनीहरूको जीवनमा सकारात्मक प्रभाव पार्ने अधिकारकर्मीहरूको भनाइ छ।

विदेशी कामदारले आफ्नो अन्तिम महिनाको तलबमा योगदान रकम फिर्ता पाउने कार्यविधि बनाइएको मलेसियाका सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन्।

काठ/दाउरा लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

दोस्रो पटक सूचना प्रकाशन मितिः २०८२/३/२९ गते

यस कार्यालय मातहतको सब डिभिजन वन कार्यालय, सुखड, कैलाली अन्तर्गत सरकारद्वारा व्यवस्थित वन क्षेत्रबाट आ.व.०८०/०८१ मा संकलन भई श्री बुलबुले रानी सा.व.उ.स. कम्पाउण्ड, घोडाघोडी नगरपालिका वडा नं. १०, कैलालीमा घाटगद्दी गरिएको सिसौ जातको गोलिया काठ थान २६२ को परिमाण १२८१.२१ क्यू. फिट र साल जातको गोलिया काठ थान १०५ को परिमाण ८९५.०२० क्यू.फिट साथै डिभिजन वन कार्यालय परिसरमा रहेका साल गोलिया थान ३४ को परिमाण ४४०.३० क्यु.फिट र दाउरा ०.२५ चट्टा र बेवारिसे बरामद साल चिरान काठ थान १२७ को परिमाण ६७.७३ क्यु फिट जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचिकृत उद्योगले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको १५(पन्ध्र) दिनभित्र यस कार्यालयबाट बोलपत्र खरिद गरी प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र १६ (सोह्र) औं दिनको अपरान्ह २:०० बजे भित्र डिभिजन वन कार्यालय पहलमानपुर, कैलालीमा दाखिला गर्न आव्हान गरिन्छ।

डिभिजन वन कार्यालय पहलमानपुर कैलाली

**Devdaha Municipality**
**Office of the Municipal Executive**
Urban Resilience and Livability Improvement Project (URLIP)
**Project Implementation Unit (PIU)**
Devdaha-4, Kerwani, Rupandehi
Lumbini Province, Nepal
**Date of Publication: 2082-03-29 (13th July, 2025)**

Devdaha Municipality, Office of the Municipal Executive, Urban Resilience and Livability Improvement Project (URLIP), Project Implementation Unit (PIU), Kerwani, Rupandehi notifies that the following Bidders have been qualified and is hereby intends to accept their Technical Bids in contracts No. **URLIP/DD/CW-1**, in accordance with the Instruction of Bidders for the execution of the Contracts. The qualified Bidders are hereby notified and requested for their presence in opening of the Price Bids as per the instructions to Bidders Clause No. 25.9 and PPR Rule 31 (H5).
**Date of opening of Price Bid: 2082-04-12 (28th, July 2025) on 13:00 Hours (Local Time) at Devdaha Municipality, Urban Resilience and Livability Improvement Project (URLIP), Project Implementation Unit (PIU).**

| S. N. | Name and Address of Qualified Bidders in Technical Bid | |
|---|---|---|
| | Name | Address |
| 1 | ASHISH NIRMAN SEWA PVT. LTD. | Bharatpur-10, Chitwan |
| 2 | LONGJIAN-SAGUN JOINT VENTURE | Butwal-12, kalikanagar, Rupandehi |
| 3 | SHARMA & CO PVT LTD | Sitapaila Chwok Ring Road, Kathmandu |
| 4 | EKK - MCSPL (JV) | Pani Pokhari, Maharajgunj, Kathmandu |
| 5 | RAMAN CONSTRUCTION PVT LTD | Janakpur-9 |
| 6 | ZIECLAMA JOINT VENTURE | Maharajgunj,Ktm |
| 7 | KALIKARAYAMAJHI JOINT VENTURE | Samakhusi, Kathmandu |
| 8 | KUMAR SHRESTHA NIRMAN SEWA PVT. LTD. | Mahendranagar,Ward No. 18 |
| 9 | DIWA-VEDANSHEE JV | Budhanilkantha-4, Kathmandu |

**Chief Administrative Officer**

## टिचिङको इमर्जेन्सी वार्डमा १५ शय्या थप



**काठमाडौं/मस**-काठमाडौं त्रिवि शिक्षण अस्पतालमा इमर्जेन्सी ग्रीन एरिया वार्डमा १५ शय्या थपिएको छ । आधुनिक थ्री टेस्ला एमआरआई सेवा समेत सुरु भएको छ ।

यसका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २० करोड रुपैयाँ बजेट दिएको थियो । सेवा शुरुवात गर्दै स्वास्थमन्त्री प्रदीप पौडेलले टिचिङ अस्पतालप्रति नागरिकको भरोसा रहेको बताए ।

अस्पतालमा थपिएको सेवाले धेरै नागरिकलाई सहज हुने भन्दै मन्त्री पौडेलले थप विस्तार र आधुनिकीकरणमा मन्त्रालयले साथ दिने प्रतिबद्धता व्यक्त गरे ।

अस्पतालका निर्देशक प्राडा सुभाष आचार्यले मन्त्रालयको सहयोगमा आधुनिक एमआरआई मेसिन प्राप्त भएको भन्दै बिरामीले धेरै पैसा तिरेर अब अस्पताल बाहिर जानु नपर्ने बताए ।

बिरामी संख्या अधिक भएपनि इमर्जेन्सीमा शय्या अभाव हुँदा एउटै बेडमा दुई जनासम्म भर्ना गर्नु परेकाले थपेर ग्रीन एरियामा १५ शय्या पुऱ्याइएको हो ।

यसअघि उक्त वार्डमा जम्मा आठ वटा मा बेड थिए । अब क्षमता दोब्बर भएकाले बढी बिरामीले राहत पाउनेछन् । सामान्य प्रकृतिका स्वास्थ्य समस्याका विरामी राखिने एल्लो एरियामा भने अब २० शय्या हुने भएको छ ।

## मधेशमा बजेट विवाद : छैटौं पटक प्रदेशसभा बैठक स्थगित



**काठमाडौं/मस**-मधेश प्रदेशसभा बैठक पुनः स्थगित भएको छ । शनिबार बसेको प्रदेशसभा बैठकमा प्रतिपक्ष दलले विरोध गरेपछि छैटौं दिन पनि स्थगित भएको हो ।

बैठक सुरु भएपछि माओवादी नेता युवराज भट्टराईले आगामी आर्थिक वर्षको बजेटमा देखिएको त्रुटि सच्याउन बनाएको कार्यदल गठनमा असहमति जनाएर विरोध गरेका थिए । मुख्यमन्त्री सतीशकुमार सिंहले प्रतिबद्धता दिएअनुसार कार्यदल गठन नभएको उनको भनाइ छ । छानबिन कार्यदलमा भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवको नाम राखेपछि विवाद हुँदै आएको छ ।

कार्यदलबाट मन्त्रीको नाम नहटाएसम्म अवरोध जारी राख्ने ६ वटा प्रतिपक्ष दलले बताउँदै आएका छन् ।

सभामुख रामचन्द्र मण्डलले कार्यदलमा मन्त्रीको नाम आएको अभ्यास नयाँ आएको र सरकारलाई अल्पमतमा राखेर कार्यदल गठन हुने अभ्यास पनि नयाँ रहेको बताए । कार्यदलको समय पनि नरहेको भन्दै उनले संयोजक पदबाट राजीनामा दिएका छन् ।

आर्थिक विधेयक पूरा हुन दिन र विनियोजन विधेयकमा आपत्ति भए त्यसमा विरोध जनाउन सभामुखले आग्रह गर्दै राजस्व तथा आय व्ययमाथि छलफल नगरी सिधै अर्थमन्त्री सुनिलकुमार यादवलाई जवाफ दिन समय दिएका थिए । रोष्ट्रम घेराउ गरेर बैठक सञ्चालन गर्न खोजेपछि पनि प्रतिपक्ष दलका सांसदले विरोध गरेका थिए । त्यसपछि सभामुख मण्डलले बैठक १० मिनेटको लागि स्थगित गरेका थिए ।

कार्यदलका सदस्यहरुमा जनता समाजवादी पार्टी नेपालका प्रमुख सचेतक रामअशिष यादव, माओवादी सांसद जवाहरलाल कुशवाहा, नेकपा एसका प्रमुख सचेतक कनिष पटेल, सत्तापक्षबाट एमालेका संसदीय दलका नेता एवं भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादव र नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्ण यादव रहेका छन् ।

## २ गर्भवतीको हवाई उद्धार



**बागलुङ/मस**-बुर्तिबाङ अस्पतालमा सुत्केरी हुन नसकेपछि दुई जना गर्भवतीको हवाई उद्धार गरिएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक तिलक भारतीका अनुसार ढोरपाटन नगरपालिका-८ की ३८ वर्षीयी हुमी विक र सोही नगरपालिका-५ की २३ वर्षीया देवी सुनारलाई हवाई उद्धार गरेर काठमाडौं पठाइएको हो ।

नेपाली सेनाको हेलिकप्टरबाट उनीहरुलाई थापाथलीस्थित परोपकार प्रसूति गृह तथा स्त्री रोग अस्पतालमा भर्ना गरिएको छ ।

# 'जबज नेपाली माटोमै हुर्किएको मौलिक सिद्धान्त हो'

**काठमाडौं/मस**- पूर्वराष्ट्रपति एवं नेकपा (एमाले) कि नेतृ विद्यादेवी भण्डारीले जनताको बहुदलीय जनवाद (जबज) को अन्तर्राष्ट्रियस्तरमा पनि तुलनात्मक रूपमा अध्ययन हुन जरुरी रहेको बताएकी छन्न् ।

मदन भण्डारी फाउन्डेशनले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनले जबज नेपाली माटोमा हुर्किएको मौलिक सिद्धान्त र विचार रहेको बताइन् । उनले नेपालका शैक्षिक संस्थाहरूमा र अन्तर्राष्ट्रियस्तरमा समेत यसको अध्ययन, अनुसन्धान र छलफल हुन आवश्यक रहेको चर्चा गरिन् ।

'जबज नेपाली माटोमा हुर्किएको आफ्नो मौलिक सिद्धान्त र विचार हो । यो सिद्धान्तमाथि नेपालमा रहेका उच्च शैक्षिक संस्थाहरुमा गहन अध्ययन, अनुसन्धान र छलफल हुन आवश्यक छ । साथै यस्ता विचारहरूको अन्तर्राष्ट्रियस्तरमा पनि तुलनात्मक रूपमा अध्ययन,





अनुसन्धान हुनुपर्दछ । किनभने समाज रुपान्तरणका लागि विचार नै सबैभन्दा महत्त्वपूर्ण कुरा हो,' उनले भनिन् । भण्डारीले 'सर्वे भवन्तु सुखिनः' को वैदिक मन्त्रले बोकेको सबैको सुख र कल्याणको भावना नै जबजको मूल मर्म भएको स्पष्ट पारिन् ।

'हामीलाई थाहा छ, हाम्रो संस्कृतिमा रहेको वैदिक मन्त्र 'सर्वे भवन्तु सुखिनः, सर्वे सन्तु निरामयाः' ले सबै मानिस सुखी र निरोगी होऊन भन्ने भावना प्रकट गरेको छ । जबजको मूल भावना पनि यही हो,' उनले भनिन् । उनले वर्गीय शोषणको अन्त्य गरी सबै नागरिकलाई स्वास्थ्य, शिक्षा र रोजगारीको अवसर सुनिश्चित गर्दै सुखी र समृद्ध बनाउनु नै जबजको लक्ष्य रहेको बताइन् ।

'जबजले हिंसा र अधिनायकत्वबाट होइन, जनताको सहमति र लोकतान्त्रिक विधिबाट राज्य सञ्चालन गर्ने उत्कृष्ट राजनीतिक संस्कारलाई अंगीकार गरेको छ,' उनले थपिन् ।

फाउन्डेसनद्वारा प्रकाशित 'स्टेट, सोसाइटी एन्ड डेभलपमेन्टः पिएमपिडी पर्सपेक्टिभ्स' नामक जर्नलको तेस्रो अङ्कको विमोचन गर्दै उनले यस्ता प्राज्ञिक प्रकाशनले जबजबारे थप अध्ययन, अनुसन्धान र विमर्श गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरिन् ।

# प्रधानमन्त्रीद्वारा भूमिहीन दलित एवं सुकुमबासीलाई जग्गाधनी पुर्जा वितरण

**काठमाडौं/मस**-प्रधानमन्त्री केपी शर्मा ओलीले कनकाई नगरपालिकाका भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी पुर्जा वितरण गरेका छन् ।

भूमि समस्या समाधान आयोग, जिल्ला समितिद्वारा आयोजित आज कार्यक्रममा सो पालिकाका २०० जनालाई उनले जग्गाधनी पुर्जा वितरण भएको हो ।

प्रधानमन्त्री ओलीले भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीले धनी पूर्जा पाउनु खुसीको कुरा भएको उल्लेख गर्दै वर्तमान सरकारले मुलुकमा राजनीतिक स्थायित्व कायम गर्दै जनताका समस्या समाधानमा ध्यान केन्द्रित गरेको बताए । उनले भूमिसम्बन्धी सबै समस्याको समाधानका लागि चाँडै भूमि विधेयक पारित गरिने जानकारी दिए ।

प्रधानमन्त्री ओलीले भूमिको अधिकतम उपयोग गर्ने, विशेषगरी व्यावसायिक खेती गरेर आर्थिक समृद्धिको मार्गमा अग्रसर हुन आवश्यक भएको बताए ।

प्रधानमन्त्रीको निजी सचिवालयका अनुसार देश विकासको गतिमा अग्रसर भएकाले निराश नहुन सम्पूर्ण नेपाली जनतामा आह्वान गर्दै मुलुकले गणतान्त्रिक शासन व्यवस्था अंगीकार गरेपछि शिक्षा र स्वास्थ्यलगायत क्षेत्रमा धेरै परिवर्तन भएका बताए ।

फरक प्रसंगमा प्रधानमन्त्री ओलीले नेपाली कांग्रेससँग भएको सहमतिबमोजिम सो दलका सभापति एवं लोकतान्त्रिक आन्दोलनका आफ्ना सहयात्री शेरबहादुर देउवालाई अर्को वर्ष सत्ता हस्तान्तरण गरिने बताए ।

'आगामी निर्वाचनसम्म नेपाली कांग्रेससँगको सहकार्य जारी रहन्छ । म



साथीहरूलाई ढुक्कले अघि बढ्न आग्रह गर्छ' उनले भने ।

त्यस अवसरमा आयोगका केन्द्रीय अध्यक्ष हरि रिजालले पूर्वदेखि पश्चिम महाकालीसम्मका भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीलाई क्रमशः जग्गाधनी पुर्जा वितरण गरिने बताए ।

**प्रधानमन्त्रीद्वारा २ अस्पतालको उद्घाटन**

प्रधानमन्त्री केपी शर्मा ओलीले शनिबार इलामको माई नगरपालिकामा निर्मित अस्पतालको उद्घाटन गरेका छन् ।

माई नगरपालिका-२ दानाबारीमा निर्मित १५ शय्याको 'माई नगर अस्पताल' को उद्घाटन गरेका हुन् । आर्थिक वर्ष २०७७/०७८ देखि निर्माण सुरु भएको अस्पताल सङ्घीय सरकारको सहयोगमा १० करोड ७० लाख २४ हजार खर्च भएको नगर प्रमुख खम्बासिंह लिम्बूले बताए ।

साढे १० रोपनी क्षेत्रफलमा पार्किङसहितको दुई तलाको अस्पताल निर्माण गरिएको छ । नवनिर्मित अस्पताल भवनबाट शनिबारदेखि नै स्वास्थ्य सेवा सुरु भएको छ ।

२४सै घण्टा सेवा प्रवाह गर्ने व्यवस्था मिलाइएको माई नगर स्वास्थ्य शाखा प्रमुख पुष्कर कट्टेलले बताए । अस्पतालबाट आकस्मिक, आधारभूत प्रयोगशाला, एक्स-रे, भिडियो एक्स-रे, इसिजी, फार्मेसीलगायत सेवा सञ्चालन गरिएको उनले जानकारी दिए ।

अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम समेत लागू गरिएको छ । नगरपालिकावासीको आधारभूत स्वास्थ्य उपचार पालिकाभित्र उपलब्ध गराउने र जटिल प्रकारका बिमारीलाई अन्य सुविधासम्पन्न अस्पतालमा रेफर गरेर जानुपर्ने भएकाले स्वास्थ्य बिमा कार्यक्रम पनि लागू गरिएको नगर प्रमुख लिम्बूले बताए ।

यस्तै, प्रधानमन्त्री ओलीले शनिबार नै भागीरथा न्यौपाने बुद्धशान्ति अस्पतालको उद्घाटन गरेका छन् ।

झापाको बुद्धशान्ति गाउँपालिका-३ मा दाताले दिएको १५ कट्ठा जग्गामा छ करोड ५० लाखको लागतमा १० शय्या रहेको अस्पताल निर्माण भएको हो । नेपालकै पहिलो महिला प्रधानपञ्च भागीरथा न्यौपानेको स्मृतिमा उनको छोराछोरीले प्रदान गरेको उक्त जग्गामा अस्पताल निर्माण गरिएको बुद्धशान्ति गाउँपालिका एवं अस्पताल व्यवस्थापन समितिका अध्यक्ष मनोज प्रसाईंले बताए ।

स्व.भागीरथा न्यौपाने तत्कालीन बुधवारे गाउँ पञ्चायतको प्रधानपञ्च थिए । उनकै स्मृतिमा अस्पतालको नामकरण गरिएको हो । अस्पतालमा एक जना एमडी, चार जना एमबीबीएस र एक जना रेडियोलोजिस्टसहित छ जना चिकित्सकले उपचार सेवा प्रदान गरिरहेका छन् । जसमध्ये पालिकाले आफ्नो स्रोतबाट तीन जना एमबीबीएस डाक्टर नियुक्त गरेको छ ।

बाहिर र भित्र चिकित्सकीय सेवाअन्तर्गत अस्पतालमा सामान्य चिकित्सा, सामान्य शल्यक्रिया, स्त्री तथा प्रसूति उपचार, शिशु तथा बाल स्वास्थ्य उपचार, सामान्य दन्त सेवा, प्राथमिक आँखा उपचार, प्रयोगशाला सुविधा, फार्मेसी सुविधा, एक्स रे सुविधा र मुटुको इको सेवा सञ्चालन भइरहेको छ ।

आगामी साउन १ गतेदेखि अस्पतालमा २४ घण्टा उपचार र बर्थिङ सेवा प्रदान गरिने अध्यक्ष प्रसाईंले बताए ।

इलाम जिल्लासँग सिमा जोडिएको बुद्धशान्ति गाउँपालिकाको एक मात्र सरकारी अस्पतालको रूपमा रहेको यो भागीरथा अस्पतालले बुद्धशान्तिको ५३ हजार जनसङ्ख्यालाई स्वास्थ्य उपचार सेवा प्रदान गर्नेछ भने दक्षिणी इलामबाट आउने सेवाग्राहीले उपचार पाउनेछन् ।

# विद्या भण्डारी राजनीतिमा आउनु सकारात्मक : खनाल

**काठमाडौं/मस**- नेकपा (एकीकृत समाजवादी)का नेता झलनाथ खनालले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी राजनीतिमा आउनु सकारात्मक भएको बताएका छन् ।

चीनको भ्रमण सकेर शनिबार स्वदेश फर्किएका नेता खनालले सञ्चारकर्मीसँग कुरा गर्दै वामपन्थी एकता आजको आवश्यकता भन्ने महसुस गरेर भण्डारी एमालेमा प्रवेश गर्नुलाई सकारात्मक रूपमा लिनुपर्ने बताए । नेपालमा सबैभन्दा ठूलो वामपन्थी समूह नेकपा एमाले रहेको बताउँदै उनले एमालेले नै अरु सबैलाई एकताबद्ध गर्न जरुरी रहेको बताए ।

'एमालेले वामपन्थी एकता गर्न चाहने हो भने ठूलो मात्राको वामपन्थी एकता हुनसक्ने सम्भावना



छ', खनालले भने ।

'अहिले जे खालको समस्याबाट एमालेको नेतृत्व आक्रान्त देखिन्छ, विद्या भण्डारीले वामपन्थी एकता आजको आवश्यकता हो भन्ने महसुस गरेर एमालेमा प्रवेश गर्ने र म अब पहलकदमी गर्छु, एमालेको अध्यक्ष पनि बन्छु भन्ने कुरा गरेको हो भने यसलाई हामीले सकारात्म रूपमा लिनुपर्छ,' नेता खनालले भने ।

खनालले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेमाथि राज्यले ज्यादती गरेको उल्लेख गरे ।

लामिछानेले गल्ती र कमजोरी गरेकै छैन भन्न आफूले भन्न नसक्ने पनि बताए । 'तर पनि लामिछानेमाथि यो वा त्यो गल्ती भयो भन्ने नाममा राज्यले ज्यादती गरिरहेको छ,' उनले भने ।

'मलाई पनि के लाग्छ भने रवि लामिछानेले गल्ती, कमजोरी गरेको छैन भनेर म कसरी पुष्टि गरौँ र । तर रवि लामिछानेमाथि यो वा त्यो गल्ती भयो भन्ने नाममा राज्यले ज्यादती गरिरहेको छ भन्ने मलाई पनि महसुस छ,' पूर्वप्रधानमन्त्री समेत रहेका खनालले भने ।

## चन्द्रागिरिका तीन वडा पहिरोको उच्च जोखिममा



काठमाडौं/मस-वर्षा लागेसँगै चन्द्रागिरि नगरपालिकाका दर्जनौं स्थान पहिराको जोखिममा परेका छन् ।

यस वर्षाको वर्षामा चन्द्रागिरि-१, २ र ३ पहिरोको उच्च जोखिममा परेका छन् भने गत वर्ष असोजमा आएको अविरल वर्षाले पहिरो गएका वडा नं १, २, ३, ५ र ९ का केही स्थान पुनः जोखिममा परेका हुन् ।

यसअघि पहिरोको समस्या नदेखिएका कतिपय स्थानमा यस पटक पहिरो गई जनधनको क्षति हुने देखिएको नगरपालिकाको व्यवस्थापन शाखा प्रमुख भद्रा अर्यालले बताए । उच्च जोखिम मानिएका तीन वटा वडामध्ये वडा नं २ बढी उच्च जोखिममा छ । गत वर्ष सोही स्थानमा पहिराका कारण घरहरू पुरिनुका साथै दुई जनाको मृत्युसमेत भएको थियो ।

'नगरका दुई सय स्थानमा पहिरो रोकथामका लागि प्लाष्टिक पठाइएको छ', अर्यालले भने । वडा नं १ का वडाध्यक्ष हरि मगरले वडाको खहरे, भट्टेडाँडा र गणेश मन्दिर वरिपरिको क्षेत्र उच्च जोखिममा रहेको जानकारी दिए । खास गरी विकास निर्माणका क्रममा डोजर लागेका स्थानमा पहिरो जाने, भू-क्षयलगायतको समस्या देखिएको उनले बताए ।

आफ्नो घर पहिरोले लड्न लागेकाले बचाइदिन आग्रह गर्दै नगरपालिका आएकी वडा नम्बर २ की अम्बिका सञ्जेलले विकास गर्ने भन्दै जमिनमा जथाभावी डोजर चलाउने र वर्षा अगाडि निर्माण नगरिदिँदा पहिरो जाने गरेको बताए । वडा नं ५ स्थित राधाकृष्ण टोलमा झण्डै १०० मिटर बाटोको भाग खोलामा खसेको छ । नजिकै कर्बड हल बनाउँदा माटो खोस्रिएका कारण त्यहाँ पहिरो गएको स्थानीयले बताएका छन् ।

वडा नं ९ स्थित शान्ति स्तूपाका कारण कीर्तिपुर नगरपालिकातर्फ गएको पहिरोको हालसम्म पनि व्यवस्थापन भएको छैन । जोखिम न्यूनीकरणका प्रारम्भिक काम भए पनि दीर्घकालीन समाधानका लागि बायो इन्जिनियर गर्नुपर्ने भएकाले केही समय लाग्ने अर्यालले जानकारी दिए । वडा नं ८ का केही भाग पनि पहिराको उच्च जोखिममा रहेका उनले बताए ।

नगरपालिकाका प्रमुख घनश्याम गिरीले यस वर्ष आकस्मिक विपद् व्यवस्थापनका लागि रु. तीन करोड बजेटमा व्यवस्था गरिएको जानकारी दिए । दीर्घकालीन समाधानका लागि भिरालो जमिनमा वृक्षारोपण र जोखिमयुक्त स्थानमा बायो इन्जिनिरिङ गर्न खोजिएको उनले बताए । 'जथाभावी डोजर चलाउँदा पहिरोको जोखिम बढेकाले आगामी दिनमा प्राविधिक जाँचका आधारमा मात्र अनुमति दिइनेछ', उनले भने ।

## भक्तपुर पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा

**काठमाडौं/मस**-भक्तपुरलाई पूर्ण खोप सुनिश्चित घोषणा गरिएको छ । शनिबार सूर्यविनायकमा खोप जिल्ला समन्वय समितिले आयोजना गरेको घोषणा कार्यक्रममा बागमती प्रदेश सरकारका स्वास्थ्यमन्त्री किरण थापाले भक्तपुर जिल्लालाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरे ।

स्वास्थ्यमन्त्री थापाले भक्तपुर जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपनाको प्रमाणपत्र हस्तान्तरण गरे । यसअघि जिल्लाको चारवटै स्थानीय तह पूर्ण खोप सुनिश्चित घोषणा गरिएको थियो । उनले मुख्यमन्त्री स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन घरदैलोमै अब नसर्ने रोगको पहिचानका लागि स्वास्थ्यकर्मीसहितको स्वयंसेविकाको टोली परिचालन गरिने बताए । 'त्यसबापत स्वयंसेविकाहरुलाई पारिश्रमिकको व्यवस्था र एक हजार सञ्चारखर्चको व्यवस्था गरेका छौं,' उनले भने ।

उनले भक्तपुर अस्पताल र हेटौंडा अस्पताललाई टेलिमेडिसिन हब बनाएर २४सैं घण्टा सेवा सञ्चालन गर्नेगरी प्रदेश स्वास्थ्य मन्त्रालयले व्यवस्था गरेको बताउँदै प्रदेशस्तरीय अस्पतालको स्तरोन्नति, जनशक्ति थप र उपकरणहरुको वितरणलाई मन्त्रालयले प्रभावकारी रुपमा अगाडि बनाएको जानकारी गराए ।

बागमती प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव डा सुमित्रा गौतमले खोप सुनिश्चितताालाई दिगोपन बनाउन चुनौती रहेको बताउँदै कोही पनि खोपबाट छुट्न नहुने बताइन् । खोप प्रभावकारी हुँदा बालमृत्युदर हरेक वर्ष कम हुँदै गएको बताउँदै उनले नियमित खोप कार्यक्रमको प्रभावकारीले ८० प्रतिशत बाल मृत्युदर घटेको जानकारी दिइन् ।

## चालु आर्थिक वर्षमा ललितपुर महानगरपालिकाको बेरुजु ०.५२ प्रतिशत

**काठमाडौं/मस**-ललितपुर महानगरपालिकाले चालू आर्थिक वर्षमा कुल ६८.१४ प्रतिशत खर्च गरेको छ ।

शनिबार पत्रकार सम्मेलन गरी महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनेले कुल ६८.१४ प्रतिशत खर्च गर्दा पुँजीगत खर्च भने ६०.६२ प्रतिशत गरेको बताएका हुन् । मेयर महर्जनकाअनुसार चालू आर्थिक वर्षमा महानगरपालिकाले चालू खर्च ८५.३२, राजश्व संकलन ७५ प्रतिशत र बेरुजु ०.५२ प्रतिशत रहेको छ ।

त्यस्तै स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन ९३.५ प्रतिशत, वित्तीय जोखिम मूल्यांकन ९९.५ प्रतिशत र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगबाट गरिएको मूल्यांकन ७४.७१ प्रतिशत रहेको बताएको छ । महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि ७ अर्ब ४७ करोड ४१ लाख ४७ हजार बजेट विनियोजन गरेको छ ।

महानगरपालिकाले आगामी आर्थिक वर्षका लागि पुँजीगततर्फ ४ अर्ब ५० करोड ७७ लाख २ ९ हजार, प्रशासनिक खर्चका लागि १ अर्ब ३३ करोड ३ लाख १८ हजार र सामाजिक सुरक्षा र सशर्त अनुदानतर्फ १ अर्ब ६३ करोड ६१ लाख विनियोजन गरेको छ ।

सम्पादकीय

## निजी क्षेत्रप्रति उदार मौद्रिक नीति

नेपाल राष्ट्र बैंकले शुक्रबार आगामी आर्थिक वर्षको निम्ति ल्याएको मौद्रिक नीतिमा निजी क्षेत्रका प्रतिनिधि तथा आर्थिक क्षेत्रका विज्ञहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् । उनीहरूले मौद्रिक नीति मार्फत् राष्ट्र बैंकले लिएको नीतिले अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुऱ्याउने समेत बताएका छन् । गभर्नर डा. विश्वनाथ पौडेलको कार्यकाल सुरुवातको पहिलो मौद्रिक नीतिले अघिल्ला वर्षहरूको सजगपूर्ण लचकतालाई निरन्तरता दिएको पाइएको छ । बैंकिङ क्षेत्रमा तरलता भइरहेको, तर कर्जा प्रवाह हुन नसकिरहेको अवस्थामा मौद्रिक नीतिले ब्याजदर करिडोरलाई घटाउँदै शेयर कर्जा, घरकर्जा, कृषिकर्जा, मुद्रा सटही लगायतको क्षेत्रमा विस्तारकारी नीति लिएको छ भने बैंकको पुँजी व्यवस्थापनका लागि समेत सहज नीति अंगीकार गरेको छ । बैंकदरमा भएको कटौतीले निक्षेप र कर्जा तर्फको ब्याज कटौती हुनसक्ने हुँदा निक्षेपकर्ताले लगानी विकल्प खोज्ने र लगानीहरूलाई सहज बनाउन सक्ने देखिएको छ । लामो समयदेखि गति लिन नसकेको घरजग्गाको क्षेत्रलाई सम्बोधन गर्दै आगामी मौद्रिक नीतिले निजी आवासीय घरकर्जाको सीमालाई तीन करोड र कर्जा मूल्य अनुपातमा समेत बृद्धि गरेको छ ।

त्यस्तै अर्थतन्त्रमा परेको नकारात्मक असरका कारण प्रभावित हुन पुगेका चालु पुँजी कर्जा लिएका क्षेत्रको कर्जा भुक्तानी–आम्दानी चक्रको आधारमा आवश्यकताअनुसार परिमार्जन गरिने नीति मौद्रिक नीतिमा उल्लेख छ । जसले कृषि उद्यमीदेखि मिडिया हाउससम्मलाई सहज अवसर प्रदान गर्नेछ । मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थाले नै आफैँ मूल्यांकन गरी १० लाखसम्म कृषि व्यावसायिक कर्जा प्रवाह गर्न सक्ने लचकतापूर्ण नीति अंगीकार गरेको छ । जसले अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको कृषि क्षेत्रमा ऋण प्रवाह गर्न वित्तीय संस्थालाई सहज वातावरण बनेको छ । त्यस्तै, शेयर धितोमा प्रवाह हुने एकल कर्जाको सीमामा भएको बृद्धिले लय समात्न नसकेको शेयर बजारलाई सम्बोधन गरेको छ । साथै मौद्रिक नीतिले हुलाकी राजमार्गदेखि मध्यपहाडी क्षेत्रका उद्योगी व्यवसायीलाई प्रदान गरिने कर्जामा सहजता विदेश जाने नेपालीलाई विदेशी मुद्रा सटहीमा तीन हजार अमेरिकी डलर पुऱ्याउने लगायतका सहज नीति अंगिकार गरेको छ । माथि उल्लेखित लगायत धेरै व्यवस्थाहरूमार्फत् मौद्रिक नीतिले कर्जा प्रवाहको विस्तारको वातावरण तयार गर्ने काम गर्न खोजेको देखिन्छ ।

सँगै मौद्रिक नीतिले 'ग' वर्गका राष्ट्रियस्तरका वित्त कम्पनीहरूले प्राथमिक पुँजीको १५ गुणासम्म निक्षेप परिचालन गर्न सक्ने सीमा हटाउने, बैंकिङ सम्पत्ति सकार गरेको दुई वर्षसम्म उक्त सम्पत्ति बापत सिर्जना भएको रेगुलेटरी रिजर्भको रकमलाई पूरक पुँजीमा गणना गर्न सकिने, बैंकहरूले पुँजी वृद्धि गर्न सक्ने लगायत बैंक तथा वित्तीय संस्थाको लागि पनि सहज नीतिगत व्यवस्था गरेको छ । मौद्रिक नीतिले सरकारको वित्त नीति कार्यान्वयनलाई सहयोग गरी निजी क्षेत्रलाई उत्साहित बनाउँदै अर्थतन्त्र चलायमान बनाउने उद्देश्यले लिएको देखिन्छ । तर त्यसका लागि राष्ट्र बैंकले थप नियामक व्यवस्था समयमा नै ल्याउन र सरकारले पनि थप वातावरण तयारका लागि नीतिगत व्यवस्था गर्नुपर्छ ।

# नेपाली श्रमिकका पीडा

*राज्यले श्रमिकको पीडा बुझ्नेन भने वैदेशिक पलायन अझ बढ्छ, युवा शक्ति देशमै बस्दैन, अनि देशको समृद्धिको सपना फेरि कुहिरोको काग बन्न जान्छ...*

अग्रलेख



● चन्द्रबहादुर बस्याल

नेपालमा श्रमिक भन्नासाथ धेरैको ध्यान वैदेशिक रोजगारीमा गएका युवातर्फ जान्छ, तर देशभित्रै पसिना बगाइरहेका श्रमिकहरूको कथा भने ओझेलमा पर्छ । गाउँदेखि सहरसम्म, निर्माणदेखि कृषि, यातायातदेखि सेवा क्षेत्रमा काम गरिरहेका लाखौं श्रमिकहरू छन्, जसको श्रमबाट देश चलेको छ, तर तिनै श्रमिक उपेक्षित, पीडित र असुरक्षित अवस्थामा बाँच्न विवश छन् । श्रमिक दिवसका भाषणहरूमा तिनको चर्चा हुन्छ, तर व्यवहारमा उनीहरूको अवस्था सुधार हुने कुनै संकेत देखिँदैन । नेपालभित्र श्रमिक हुनु भनेको कहिल्यै नथाक्ने संघर्ष गर्नु, आफ्नो अधिकारका लागि लगातार लड्नु, अनि पनि पहिचानविहीन जीवन बिताउनु हो ।


श्रमिकहरूको समस्या केवल तलब वा ज्यालासम्म सीमित छैन, संरचनागतरूपमै उनीहरूलाई श्रम बजारमा दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गरिन्छ । कानुनले न्यूनतम पारिश्रमिकको ग्यारेन्टी गरे पनि अधिकांश श्रमिकले त्यो पाउँदैनन् । ठेक्का प्रणालीले श्रमिकलाई अधिक शोषणमा पारेको छ । निर्माण क्षेत्रमा काम गर्ने श्रमिकहरू दिनमा १०-१२ घण्टासम्म काम गर्छन्, तर स्वास्थ्य बीमा, कामको सुरक्षा वा दुर्घटना बीमाको पहुँच उनीहरूसँग छैन । साना ठेकेदारहरूमार्फत काम पाइने भएकाले, श्रमिकको आवाज कमजोर हुन्छ र उनीहरूले आफ्नो अधिकारका लागि बोल्ने हिम्मत गर्न सक्दैनन् ।

कृषि क्षेत्रमा काम गर्ने श्रमिकहरूको अवस्था पनि निकै दयनीय छ । गाउँघरमा थोरै पारिश्रमिकमा काम गरिरहेका श्रमिकहरू वर्षौंदेखि एउटै घरधनीका लागि काम गर्छन्, तर तिनको जीवनमा खासै परिवर्तन आएको देखिँदैन । कतिपय ठाउँमा अझै पनि दलित समुदायका मानिसहरूलाई खेतमा काम लगाइन्छ, तर उनीहरूको श्रमको मूल्य निर्धारण मालिकले मनलाग्दी गर्छन् । औपचारिक सम्झौताबिना काम गर्ने भएकाले यस्ता श्रमिकको अभाव, रोग वा दुर्घटनामा कुनै सुरक्षा हुँदैन । राज्यको नजरबाट उनीहरू अदृश्य छन् ।

सहरमा सेवा क्षेत्रमा काम गर्ने श्रमिकहरू पनि निकै पीडामा छन् । होटल, रेस्टुराँ, क्लिनिङ सेवा, सुरक्षा गार्ड, ब्यूटी पार्लरजस्ता क्षेत्रमा काम गर्ने श्रमिकको कामका घण्टा तय गरिएको हुँदैन । बिहानदेखि रातिसम्म खटेर पनि उनीहरूले कामअनुसारको पारिश्रमिक पाउँदैनन् । यौनिक उत्पीडन, अपमानजनक व्यवहार, छिटपुट ज्यालामा काम र सेवा निवृत्तिपछि पनि कुनै किसिमको सामाजिक सुरक्षा नभएको अवस्था छ । महिला श्रमिकहरू दोहोरो पीडामा छन् –कामको थकानसँगै यौन उत्पीडन र असमान व्यवहार झेल्नुपर्ने अवस्था अझ भयावह छ ।

उद्योगहरूमा काम गर्ने श्रमिकको अवस्था पनि सधैँजस्तो बेथिति र जोखिममा भरिएको छ । कतिपय उद्योगले श्रमिकलाई ठेक्कामा राख्छन् र श्रम ऐनबमोजिमका सुविधा नदिई जबरजस्ती काम गराउँछन् । उद्योगमा भएका दुर्घटनामा ज्यान गुमाउने श्रमिकहरूका परिवारले न्यूनतम क्षतिपूर्तिसमेत पाउँदैनन् । साना कुटीर उद्योग, इँटाभट्टा, सिमेन्ट उद्योग, स्टिल उद्योगजस्ता क्षेत्रमा काम गर्ने श्रमिकहरू निरन्तर धुलो, धुवाँ र हानिकारक तत्वको सम्पर्कमा रहन्छन् । तर, औद्योगिक स्वास्थ्य र सुरक्षाबारे श्रमिकहरूलाई जानकारी दिइँदैन, न त उचित सुरक्षा उपकरण नै दिइन्छ ।

श्रमिकको जीवनस्तर सुधार गर्न राज्यले थुप्रै योजना बनाएको दाबी गरे पनि व्यवहारमा ती योजना श्रमिकसम्म पुग्दैनन् । श्रमिकको नाममा बनाइएका सामाजिक सुरक्षा कोष, बीमा कार्यक्रम वा सिप विकास तालिमहरू धेरैजसो नगद वितरणमा सीमित छन् । दर्ताविहीन, अनौपचारिक क्षेत्रका श्रमिकका लागि यस्ता कार्यक्रम केवल सुन्दा सुन्दर लाग्ने भाषण बनेका छन् । श्रमिक स्वयंले पनि अधिकारबारे अज्ञानता भएकाले, आफू शोषित हुँदै गएको कुरा बुझेर पनि प्रतिवाद गर्न सक्दैनन् । श्रमिक आन्दोलनहरू राजनीतिकरणमा फसेका छन् र वास्तविक श्रमिकका मुद्दा खोसिएर नेताहरूका स्वार्थका विषयमा केन्द्रित भएका छन् ।




नेपालको श्रम बजारमा देखिने अर्को ठूलो समस्या भनेको श्रमिकको भविष्यप्रति अनिश्चितता हो । कुनै पनि श्रमिकले कामबाट सेवा निवृत्त भएपछि आफू र आफ्नो परिवार कसरी बाँच्ने भन्ने ग्यारेन्टी छैन । पेन्सनजस्ता सुविधा सरकारी सेवामा मात्र सीमित छन् । श्रमिकका लागि त्यस्तो कुनै संरचना छैन, जसले उनीहरूको वृद्धावस्थामा जीवनयापन सहज बनाओस् । जसको जीवनभर श्रम गरेर बित्छ, त्यसको वृद्धावस्था पीडामा बित्छ भन्ने सामाजिक अवस्था बनिसकेको छ ।

श्रमिकको श्रमलाई सम्मान नगर्ने संस्कारले पनि उनीहरूको पीडा थपिएको छ । 'काम गर्ने हात गन्हाउँछ' भन्ने सोच अझै गहिरोसँग समाजमा बसेको छ । शिक्षक, डाक्टर वा अफिसरले गरेको कामलाई इज्जत दिइन्छ, तर ढल निर्माण गर्ने श्रमिकको कामलाई हेय दृष्टिले हेरिन्छ । यही सोचका कारण श्रमिकको कामको मूल्यांकन कम गरिन्छ र उनीहरूको मेहनतको सट्टा झनै अपमानजनक व्यवहार थोपिन्छ । यो सोच परिवर्तन नगरी श्रमिकको अवस्था सुधारिन सक्दैन ।

कोरोना महामारीको समयले श्रमिकको पीडालाई अझ स्पष्ट बनाएको थियो । दैनिक ज्यालादारीमा काम गर्ने श्रमिकहरू लकडाउनमा बेरोजगार भए कतिले भोकभोकै दिन काटे । त्यतिबेला 'हामी त मर्नै बाँकी थियौं' भन्ने श्रमिकका भनाइहरूले समाज र राज्यप्रति प्रश्न उठाएका थिए । तर, महामारीपछि पनि श्रमिकको अवस्था फेरिएन, उनीहरू फेरि पुरानै समस्यामा फर्किए । सरकार, समाज र श्रमिक स्वयं कसैले पनि त्यो कठिन समयबाट पाठ सिक्न सकेन ।

श्रमिकको पीडाबाट नेपाल आफैं पनि सुरक्षित छैन । राज्यले श्रमिकको पीडा बुझ्नेन भने वैदेशिक पलायन अझ बढ्छ, युवा शक्ति देशमै बस्दैन, अनि देशको समृद्धिको सपना फेरि कुहिरोको काग बन्न जान्छ । 'देश बनाउँछु' भन्ने चाहना लिएर गाउँमा बसेको युवा जब गाउँमा काम नपाएर श्रमिकको रूपमा सहर आउँछ, अनि सहरमा पनि इज्जतमाथि प्रश्न उठ्ने गरी श्रम गर्न बाध्य हुन्छ, त्यही बेला उसको आत्मबल खस्किन थाल्छ । यस्ता हजारौं युवाको पीडा समेटेर बनाएको देशको विकासको कथा कति साँचो होला ?

> *श्रमिकहरूको समस्या केवल तलब वा ज्यालासम्म सीमित छैन, संरचनागतरूपमै उनीहरूलाई श्रम बजारमा दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गरिन्छ । कानुनले न्यूनतम पारिश्रमिकको ग्यारेन्टी गरे पनि अधिकांश श्रमिकले त्यो पाउँदैनन् । न उनीहरू श्रम र ज्यालामा सुरक्षित छन् न त कानुनी रूपमा...*

आज पनि सडक विस्तारका लागि सडक किनारमा खाल्डाखुल्डी खनेर काम गरिरहेका श्रमिकहरू छन्, जसले सडक बनाउन जीवनको जोखिम उठाउँछन्, तर त्यस सडकमा हिँड्नेहरूले उनीहरूलाई हेरेर नजर मोड्छन् । इँटाभट्टामा बिहानैदेखि रातिसम्म धुँवा र आगोसँग संघर्ष गर्दै घर बनाउने इँटा उत्पादन गरिरहेका श्रमिकहरू छन्, तर त्यही इँटाले बनेको घरमा बस्नेले तिनको पीडा कहिल्यै बुझ्दैन । होटलका भान्सामा र नुहाउने कोठा सफा गर्ने कोठामा घण्टौं पसिना बगाउने श्रमिक छन्, जसको नाम कामको रेकर्डमा मात्रै हुन्छ, तर सम्मानको सूचीमा कहिल्यै हुँदैन ।

त्यसैले नेपालभित्रका श्रमिकहरूको पीडालाई बुझ्न, सम्बोधन गर्न र समाधानको बाटो देखाउन अब ढिला गर्नु हुँदैन । उनीहरूको श्रमप्रतिको सम्मान, कामको सुरक्षा, न्यूनतम ज्याला र सामाजिक सुरक्षाको ग्यारेन्टी अब शब्दमा होइन, कार्यान्वयनमा देखिनुपर्छ । श्रमिकका पीडामा राज्य मौन बस्ने हो भने, समृद्धिको सपना झूटो हुनेछ । श्रम नै राष्ट्रको मेरुदण्ड हो भन्ने चेतना अब नारा होइन, व्यवहार बन्नुपर्छ ।

नेपालमा श्रम मूल्यवान् हो, श्रमिकहरू अमूल्य छन्– यो महसुस गराउने जिम्मेवारी हाम्रो हो । उनीहरूलाई सहयोग गर्नु भनेको केवल उनीहरूको भलो गर्नु होइन, त्यो त देशको भविष्य सुनिश्चित गर्नु हो । श्रमिकलाई सम्मान दिनु भनेको आफ्नै श्रमशीलताको सम्मान गर्नु हो । जबसम्म यो सोच समाजमा बस्दैन, तबसम्म श्रमिकको पीडा रोकिन्न । नेपालभित्रका श्रमिकहरूका लागि आवाज उठाउन सक्ने चेतना, नेतृत्व र संवेदनशीलता अबको यथार्थ आवश्यकतामा बदलिएको छ ।

## इतिहासमा आज

१३ जुलाई २०१४ मा अतिरिक्त समयपछि १-० ले अर्जेन्टिनालाई हराउँदै २०१४को फिफा विश्वकपको फाइनल जर्मनले जितेको थियो ।




१३ जुलाई २०१६मा संयुक्त अधिराज्यका प्रधानमन्त्री डेभिड क्यामरुनले राजीनामा दिएका थिए । क्यामरुनको राजीनामापछि थेरेसा मेले उत्तराधिकारी नियुक्त भएकी थिइन् ।



१३ जुलाई २०२० मा ५ दिनको खोजीपछि अमेरिकी अभिनेत्री र गायिका नया रिभेराको शव क्यालिफोर्नियाको ताल पिरुबाट निकालिएको थियो । जहाँ उनी डुबेकी थिइन् ।



१३ जुलाई २०२४ मा संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प पेन्सिलभेनियाको बटलर नजिकैको चुनावी अभियान ज्यालीमा बोल्ने क्रममा हत्या प्रयासमा घाइते भएका थिए ।



# सामाजिक सुरक्षा कोष र श्रमिकको हित

विचार



● भरत प्रसाद देवकोटा

> *खासगरी असंगठित क्षेत्रका श्रमिकहरूलाई औपचारिक संरचनामा ल्याउँदै श्रमको सम्मान र सम्मानजनक जीवनको प्रत्याभूति गराउन सामाजिक सुरक्षा कार्यक्रमको महत्व छ । दीर्घकालीन सोच, समावेशी नीति र समान अवसरको जग बसाल्न सामाजिक सुरक्षामा सहभागी हुनु मात्र होइन, यसको प्रवर्द्धन गर्नु पनि हरेक सचेत नागरिकको जिम्मेवारी हो...*

नेपालजस्तो मुलुकमा कमजोर आयस्रोत भएका श्रमिकहरूलाई पूर्णरूपमा सामाजिक सुरक्षा योजनामा सहभागी गराउन सकेमा अबको केही दशकमा नै गरिबी निवारणमा ठूलो सफलता मिल्न सक्छ । हाल सरकारले वितरण गर्दै आएको सामाजिक सुरक्षा भत्ताहरू समेत योगदानमा आधारित हुने हुँदा सरकारलाई पनि ठूलो दायित्व घट्नेछ । श्रम ऐन, २०७४ले श्रमिकको सञ्चय कोष उपदान, स्वास्थ्य बिमा, दुर्घटना बिमा जस्ता सुविधाहरूको व्यवस्था गरेको छ । साथै, सामाजिक सुरक्षा कोष योजना सञ्चालन गरेपश्चात् ती सबै सुविधाहरूको व्यवस्थापन कोषले सञ्चालन गरेका स्किममार्फत नै हुने व्यवस्था गरिएको कारणले गर्दा कोषमा सहभागिता अपरिहार्य रहन्छ । वि.सं. २०७६ साउन १ देखि सामाजिक सुरक्षा कोषमार्फत नियमित योगदान रकमसमेत संकलन भइरहेको छ । निजी क्षेत्रमा काम गर्ने श्रमिकहरूको पेन्सन तथा बिमा जस्ता विषय जुन थिएनन्, त्यसलाई व्यवस्थित गर्नको लागि र श्रम ऐनले श्रमिकका लागि तोकेका सुविधा व्यवस्थापन गर्न सामाजिक सुरक्षा कोषको स्थापना भएको हो ।

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसि)का अनुसार सबै औद्योगिक क्षेत्र, सेवा क्षेत्र तथा चिया र कृषिमा न्यूनतम पारिश्रमिक निर्धारण गर्दा श्रमिकको परिवारको आधारभूत आवश्यकता पूर्ति गर्न पुग्ने गरी निर्धारण गर्नुपर्ने हो । तर, रोजगारदाताले विभिन्न बाहाना बनाउँदै पछाडि हटेको देखिन्छ । वैदेशिक रोजगारमा रहेका व्यक्तिहरूसँग सम्बन्धित सामाजिक सुरक्षा कार्यान्वयन वैदेशिक क्षेत्र सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधिबमोजिम हुने गर्दछ । पहिलो चरणमा देशभित्र औपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूलाई मात्र समेटिने गरी सामाजिक सुरक्षा योजनाहरूको सुरुवात भएको थियो । वैदेशिक रोजगारमा रहेका व्यक्तिहरूले सामाजिक सुरक्षा कोषमा योगदान रकम जम्मा गर्दा हाललाई रोजगारदाताले वा सरकारले थप कुनै रकम जम्मा गरिदिने व्यवस्था भने छैन ।

कोषमा योगदानकर्ताले देशभरका ७१ वटा अस्पतालबाट उपचार सुविधा पाउने लिन मिल्ने व्यवस्था रहेको छ । नेपालमा औद्योगिक क्षेत्रका साना, मझौला र ठूलागरी करिब ९ लाख रोजगारदाता प्रतिष्ठान रहेका छन् । हालसम्म सामाजिक सुरक्षा कोषमा २० हजार ३०२ वटा रोजगारदाताहरू प्रतिष्ठानमा सूचीकृत भएका छन्, ती प्रतिष्ठानमा कार्यरत ५ लाख ७१ हजार ९३७ जना आबद्ध भएका छन् । सामाजिक सुरक्षा कोषले श्रमिकले ११ प्रतिशत र रोजगारदाताले २० प्रतिशत गरी कुल ३१ प्रतिशत रकम जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । नेपालको संविधान २०७२ भाग ३ को धारा ३४ मा श्रमको हक उल्लेख गरिएअनुसार प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक सुविधा र योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ भन्ने स्पष्ट व्यवस्था गरेको छ ।

सामाजिक सुरक्षा कार्यक्रम कुनै वैकल्पिक विकल्प होइन, यो आजको अनिवार्य आवश्यकता हो । जीवनभरको श्रमपछि सुरक्षित वृद्धावस्था, आकस्मिक रोग वा अपाङ्गता भइहालेको अवस्थामा उपचारको सुनिश्चितता, काम गर्ने उमेरमा मातृत्व वा पितृत्वजस्ता स्वाभाविक अवस्थाको संरक्षण, अनि बेरोजगारी वा आय गुमेको अवस्थामा आधारभूत जीवनस्तर जोगाउने उपाय यही कार्यक्रम हो । राज्यप्रति नागरिकको विश्वास बढाउने र नागरिकप्रति राज्यको दायित्व निर्वाह गर्ने माध्यमका रूपमा समेत सामाजिक सुरक्षा कार्यक्रमलाई बुझिनुपर्छ । खासगरी असंगठित क्षेत्रका श्रमिकहरूलाई औपचारिक संरचनामा ल्याउँदै श्रमको सम्मान र सम्मानजनक जीवनको प्रत्याभूति गराउने यस कार्यक्रमको महत्व अझ बढी छ । दीर्घकालीन सोच, समावेशी नीति र समान अवसरको जग बसाल्न सामाजिक सुरक्षामा सहभागी हुनु मात्र होइन, यसको प्रवर्द्धन गर्नु पनि हरेक सचेत नागरिकको जिम्मेवारी हो । समाजको समृद्धि सामाजिक सुरक्षा बिना सम्भव छैन ।

## सामाजिक सञ्जाल



डम्बर खतिवडा

ककसका नेता भिजिट भिसामा विदेश गएर उतै बसे, ककसले म्यान पावर खोलेर भिजिट भिसाको कारोबार र असुली धन्दा गर्छन जस्ता उत्तरले अमुक पार्टीको मुख त थुन्ला, आम नागरिकप्रतिको जबाफदेहिता खै ? त्यस्तो भइरहेको छ भने नियमन कसको काम हो ? यस्तै ओठे जवाफले अध्यागमन सेटिङको पैसा पच्छ ?

नेपाल राष्ट्र बैंक नयाँ गभर्नर नौला काम गर्न हतारमा हुनुहुन्छ जस्तो छ । आफैँले गठन गरेको डा. रेवत कार्कीको कार्यदलको सुझाउ आउन्जेल हतार नगर्ने कि ? भइरहेका वाणिज्य बैंकहरू कर्जा प्रवाह नभएर अप्ठ्यारोमा छन्, उहाँ भने नयाँ बैंक खोल्न तम्सिनु भएको खबर निस्केको छ । बैंक 'मर्जर' किन भएछ ?



ध्रुवहरि अधिकारी



एसपी पौडेल

मानव तस्करी विषय राज्य पक्ष हुन्छ । स्पेन जाँदा गैरकानूनी तवरबाट मानव ओसार पसारको सूचना पाए पछि तुरुन्त राज्य पक्ष सक्रिय भएर अनुसन्धान गर्नु पर्ने हो । तर, उल्टै प्रमाण पुऱ्याउन कुनै अमुक पार्टीलाई धम्की दिनु प्राकृतिक न्यायको खिलाफ हो । अहिलेका राज्य सञ्चालक मै-मत्ता छन् ।

भिजिट भिसामा विदेश जानु अपराध होइन तर भिजिट भिसामा गएर देश फर्किने वातावरण छैन भन्दै रिफ्युजी स्ट्याटस माग्ने, भागेर लुकेर बस्ने, देशको अस्मितामा असर पर्ने गरी अरु देशको नागरिक बन्न कोसिस गर्ने र बन्ने काम चाहिँ - नैतिक होइन । देशको हिसाबले हेर्दा अपराध हो ।



सरल सुमन

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

मध्यान्ह
www.madhyanhadaily.com



## आप्रवासन एजेन्सीका अध्यक्ष गेस्पार र राजदूत पौडेलबीच भेटवार्ता



**भरत प्रधान/मध्यान्ह**
लिस्बन, २८ असार

पोर्चुगलको आप्रवासन सम्बन्धि हेर्ने सरकारी एजेन्सी एकीकरण, आप्रवासन तथा शरण (आइमा) का अध्यक्ष पेड्रो पोर्चुगल गेस्पार र पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेलबीच द्विपक्षीय भेटवार्ता भएको छ। राजधानी लिस्बनस्थित एजेन्सीको मुख्यालयमा अध्यक्ष गेस्पार र राजदूत पौडेलबीच औपचारिक भेटवार्ता भएको हो। भेटवार्तामा पोर्चुगलमा रहेका आप्रवासी नेपालीको अवस्था, कागजी प्रक्रियामा देखा परेका समस्या, नेपाली समुदायको हित र आपसी सहकार्य लगायतका विविध विषयमा छलफल भएको लिस्बनस्थित नेपाली दूतावासले जनाएको छ । भेटका क्रममा कागजी प्रकृयामा रहेका नेपालीको सहजताका लागि आवश्यक सहयोग र सहजीकरण गरिदिनका लागि अध्यक्ष गेस्पार समक्ष आग्रह गरिएको राजदूत पौडेलले बताए ।

अध्यक्ष गेस्पारले दूतावाससँग समन्वय र सहकार्य गरेर नेपाली समुदायको सहजताका लागि आवश्यक सहयोग र सहजीकरण गरिने बताए । राजदूत पौडेलका अनुसार गेस्पारले नेपालीहरु इमानदार, मेहनती र मिलनसार रहेको भन्दै प्रशंसासमेत गरेका थिए । सो अवसरमा पौडेलले दूतावासले प्रमाणीकरण गरेका प्रहरी प्रतिवेदनलगायतका कागजातहरु दूतावासको आग्रहमा एजेन्सीले सहज रुपमा बुझ्ने व्यवस्था मिलाएको भन्दै गेस्पारलाई धन्यवाद समेत दिएका थिए ।

भेटवार्तामा एजेन्सीका अन्य अधिकारी, दूतावासका द्वितीय सचिव रामबाबु नेपाललगायतको सहभागिता रहेको दूतावासले जनाएको छ ।

# कुलमान भन्छन्, 'विद्युत् निर्यात गर्ने अवस्था पुऱ्याएको सम्मानमा बर्खास्त पाएँ'

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २८ असार



नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङले कतारमा आयोजित उज्यालो संवाद कार्यक्रम २०२५ लाई सम्बोधन गरेका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै नेपालमा विद्युत् आयात गर्नुपर्ने अवस्थाबाट निर्यात गर्ने अवस्थासम्म पुऱ्याए पनि त्यसको सम्मान आफूले बर्खास्त पाएको बताए ।

१०४ वर्षमा ८०० मेगावाट बिजुलीको उत्पादन भइरहेको देशमा आफू कार्यकारीका रूपमा आएको ८ सालमा ३६०० मेगावाट उत्पादन हुने गरेको बताउँदै आफू चेपाङ बस्तीमा बत्ती बाल्दै गर्दा बर्खास्तमा परेको स्मरण गरे । ३ जना प्रधानमन्त्री र ११ जना मन्त्रीसँग कार्यसम्पादन गर्दै गर्दा आफूले सबैसँग सुमधुर सम्बन्ध स्थापित गरे पनि आफूलाई ६ पटक सम्म स्पष्टीकरण सोधेर बर्खास्त गरेको स्पष्ट पारे ।

विदेशबाट १४ खर्ब रुपैयाँ रेमिटेन्समार्फत भित्रने गरेको बताउँदै त्यसको १० प्रतिशत मात्रै विद्युत्मा लगानी गर्ने सके आगामी १० वर्षमा २० हजार मेगावाट उत्पादन गर्न सकिने बताए । नेपालमा कृषि र पर्यटनमा पनि उत्तिकै सम्भावना रहेको उनले बताए । घिसिङले नेपालमा ग्रिन हाइड्रोजन उत्पादन गरेर नेपालले बेच्न सक्ने सम्भावना रहेको बताए । उनले सगरमाथाको देशको पानी भनेर ब्रान्ड गरेर पनि नेपाल खरबपति बन्ने धारणा राखे । गैरआवासीय नेपाली संघ (एनआरएनए एनसीसी) कतारका अध्यक्ष रमेश भट्टको सभाध्यक्षता र घिसिङकै प्रमुख आतिथ्यता रहेको कार्यक्रम नेपाल आदिवासी जनजाति महासंघ र एनआरएनए एनसीसी कतारले संयुक्त रूपमा आयोजना गरेका हुन् । उज्यालो संवाद कार्यक्रम २०२५ लाई करिब एक घण्टा सम्बोधन गरेका घिसिङले नेपाल नै कतारमा बसेको आफूले पाएको बताए ।

प्रवासमा रहेका नेपालीले कला संस्कार संस्कृतिको उत्कृष्ट जगेर्ना गरेको आफूले पाएको धारणा राखे । उनले मध्यपूर्वको भ्रमणको क्रममा प्रवासमा नेपालीहरू वैचारिक धारमा पाएको बताउँदै विदेशमा नेपाली मात्र बनेर बस्न सुझाव दिए ।

नेपालको जिडिपीको एक चौथाइ भन्दा बढी रकम खाडीबाट नेपाल भित्रने गरेको बताए ।

उनले भने, 'कुनै पार्टीले मलाई नियुक्ति गर्दै गर्दा पार्टीको बिल्ला नभिराउन आग्रह गर्दै मलाई माओवादीले राइटमेन देखेर राइट ठाउँमा राखेको हो ।' उनले पार्टी र व्यक्ति नहेरी देशभरी विद्युतीकरण गरेको र त्यो आफ्नो जिम्मेवारी रहेको बताए ।

नेपालमा स्वतन्त्र रूपमा रहेका मेयरहरूलाई सरकारले सपोर्ट गर्नुको सट्टा असहयोग गरेको धारणा उनले राखे। उनले देशमा सकारात्मक कार्य गर्ने भन्दा निराशा फैलाउने प्रवृत्ति हाबी भएको बताए ।

नेपालमा अँध्यारोमा धेरै व्यापार हुने गरेको र अब उज्यालो अभियान थाल्ने बेला आएको बताउँदै उज्यालो नेपाल भनेको नेपालको समृद्धि अभियान रहेको हुँदा अभियानमा विशेष गरी युवाहरूलाई जुट्न आग्रह गरे । उनले सामाजिक सञ्जालमा कुलमान कहीबाट चुनाव उठ्दै छ भन्ने हल्लाको खण्डन गर्दै आफू चुनाव नलड्ने बताए । नाफामा रहेको प्राधिकरण कसरी एक महिनामा घाटामा गयो ? कसरी ऋण रह्यो भनि प्रतिप्रश्न गरे ।

महालेखाले गरेको अडिट पनि गलत देखाउँदै ऊर्जा क्षेत्रलाई समेत खराब क्षेत्रका रूपमा अँध्यारो तिर लैजान खोजिएको जिकिर गरे ।

कार्यक्रममा कुलमानलाई कतारमा स्थापित संघसंस्थाको तर्फबाट सम्मान समेत गरिएको थियो। फूलबारीको हलमा कुलमानको सम्बोधन सुन्न र उनलाई प्रत्यक्ष हेर्न करिब ५०० नेपाली उपस्थित रहेका थिए । जनजाति महासंघ कतारका अध्यक्ष राकेश श्रेष्ठले स्वागत मन्तव्य र महासचिव हरि महतोले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष भट्टले कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरेका थिए । भट्टले एनसीसी कतारमा केही भ्रष्टहरू रहेको र तीनलाई समाजबाट निर्मूल पार्नुपर्ने बताए ।

केही भ्रष्टहरूले विदेशीहरूको झोला बोकेर राजनीति गरिरहेको बताउँदै एनसीसी कतार सामाजिक र साझा संस्था रहने बताउँदै कतारमा रहेका नेपालीहरू सचेत रहनुपर्ने बताए ।

## रुकुम पूर्वमा महिला कर्मचारी कोठामै मृत फेला, घटना रहस्यमय



**मध्यान्ह संवाददाता**
रुकुम पूर्व, २८ असार

रुकुम पूर्वको सिस्ने गाउँपालिका-५ स्थित डेरामा बस्दै आएकी २३ वर्षीया एक महिला कर्मचारी शनिबार बिहान झुण्डिएको अवस्थामा मृत फेला परेकी छन् । सिस्ने गाउँपालिका कार्यालयमा सहायक पदमा कार्यरत कोईली शाही आफ्नै कोठामा झुण्डिएको अवस्थामा भेटिएकी जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वले जनाएको छ। उनको स्थायी ठेगाना सिस्ने गाउँपालिका-६, खोपिचार रहेको छ । प्रहरीको प्रारम्भिक अनुमान अनुसार घटना शुक्रबार रातिको समयमा हुन सक्ने देखिएको छ। घटनास्थलको मुचुल्का उठाइएको र शवलाई पोष्टमार्टमका लागि जिल्ला अस्पताल, रुकुमपूर्व पठाइएको छ।

**मोबाइलको अवस्थाले थपियो रहस्य**

प्रहरीका अनुसार मृतक शाहीको मोबाइल फोन झुण्डिएको स्थानभन्दा माथि राखिएको अवस्थामा भेटिएको छ। मोबाइलको स्क्रिन भित्तातर्फ फर्काएर राखिएकोले घटना थप शंकास्पद बनेको प्रहरी स्रोतले जनाएको छ।

मोबाइलमा भिडियो रेकर्ड भएको वा भिडियो कल भइरहेकै अवस्थामा घटना घटेको हुनसक्ने आशंका गरिएको छ । यद्यपि, अनुसन्धान जारी रहेको र पोष्टमार्टम रिपोर्ट तथा डिजिटल प्रमाणको विश्लेषणपछि मात्रै वास्तविक कारण खुल्ने प्रहरीले जनाएको छ । हाल घटनालाई आत्महत्या वा अरू कुनै कारणले भएको भन्ने विषयमा यकिन निष्कर्ष ननिस्किएको प्रहरीले जनाएको छ। शाहीको असामयिक र रहस्यमय मृत्युले स्थानीय बासिन्दा स्तब्ध बनेका छन् । प्रहरीले घटना सम्बन्धमा आवश्यक अनुसन्धान तीव्र रूपमा अघि बढाइरहेको जनाएको छ ।

## कभर्ड हल जीर्ण



**महोत्तरी/मस**-गौशालामा निर्मित कभर्ड हल जीर्ण बन्दै गएको छ। भवनको भित्री भाग जीर्ण भई भत्किँदा समेत सम्बन्धित पक्षले चासो देखाएको छैन । गौशाला उद्योग वाणिज्य संघको मातहतमा रहेको यो भवनको रेखदेख अनि उचित संरक्षणतर्फ भने कसैले ध्यान नदिँदा करोडौंको लागतमा निर्मित भवन क्रमिक रुपमा अस्तित्व विहीन बन्दै गएको स्थानीय रिंकी श्रेष्ठले बताइन् । उनले भनिन्, 'सार्वजनिक सम्पतिको संरक्षणका निम्ति देशमा तीन तहका सरकारका प्रतिनिधि भए तापनि यसतर्फ कसैको ध्यान नजानु दुःखद रहेको छ। भवन निर्मित भएपछि स्थानीयहरू हर्षित भएपनि पछिल्लो समयमा आएर भवन जीर्ण भएको खबरले हरेकको मन खिन्न बनेको छ।'

यस क्षेत्रमा विवाह, उत्सव, सभा सम्मेलन तथा खेलाडीहरूले खेलकुदको प्रायोजनले उपयोगमा ल्याउने यस भवनभित्र जाँदा जो कोही पनि सरोकारवालाप्रति प्रश्न उठाउँदै आएको गौशाला १ का राजकुमार कुशवाहाले बताए । उनले थपे, 'अत्याधुनिक सुविधा भवनले चिनेका भवन अहिले बेवारिसे र अलपत्र भएका छन्। यसप्रति हरेक नागरिकले कर्तव्यवोध हुने किसिमको भूमिका आउनुपर्ने अहिलेको आवश्यक्ता रहेको छ। जुन पछिल्लो समयमा आएर हरेकले बिर्सिंदा करोडौको भवन अहिले जीर्ण बनेको छ।'

महोत्तरीको गौशालामा ४ करोडको लागतमा बहुउद्देश्यीय भवन (कभर्ड हल) को निर्माण हुने भएको छ। महोत्तरी क्षेत्र नम्बर १ ख बाट निर्वाचित नेकपाका प्रदेश सांसद भरतप्रसाद साहले संसदीय विकास कोषमार्फत प्राप्त भएको रकमबाट गौशालास्थित जीरोमाइलमा अत्याधुनिक पूर्वाधारसहितको कभर्ड हल निर्माण हुन लागेको हो ।

महोत्तरी क्षेत्र नम्बर १ ख का प्रदेश सांसद भरतप्रसाद साहको संसदीय विकास कोषमार्फत पौने ४ करोडको लागतमा सो अत्याधुनिक सुविधासम्पन्न कभर्ड हलको निर्माण भएको छ। जुन अहिले व्यवस्थापनको जिम्मेवारी गौशाला उद्योग वाणिज्य संघको मातहतमा रहेको छ।

## रेसुंगाको नगरसभा सम्पन्न




**गुल्मी/मस**-रेसुङ्गा नगरपालिकाको १७ औं नगरसभाको तेस्रो बैठक शुक्रबार सम्पन्न भएको छ । बैठकले आर्थिक वर्ष २०८२/८३ को विनियोजन विधेयक, लेखा समितिको प्रतिवेदन तथा न्यायिक समितिको प्रतिवेदन सर्वसम्मतले पारित गरेको छ ।

बैठकमा नगरसभा सदस्य कृष्ण भण्डारीले आफ्नै भवन नभएका वडा कार्यालयका लागि भवन निर्माणतर्फ नगरले ध्यान पुऱ्याउनुपर्ने बताए । उनले पछिल्लो समय पत्रु खानपानका कारण मानिसहरूमा विभिन्न प्राणघातक रोगहरू बढ्दै गएकाले त्यसको न्यूनीकरणका क्रियाकलाप सञ्चालन गर्न आवश्यक रहेको उल्लेख गरे ।

१७ औं नगरसभाको बैठकमा लेखा समितिका संयोजक रामप्रसाद पन्थीले लेखा समितिको प्रस्तुत गरेको थिए । महालेखा परीक्षक कार्यालयको प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७१/०७२ देखि २०७९/०८० सम्म ९ करोड ६५ लाख ४७ हजार बेरुजू देखिएको छ ।

तर २०८०/०८१ मा ४ करोड २७ लाख ६३ हजार ९ रुपैयाँ फछ्र्यौट भएको प्रतिवेदनमा उल्लेख छ । उक्त रकम फछ्र्यौट भएबाट आर्थिक वर्ष २०७९/०८० सम्मको ५ करोड ३७ लाख ८३ हजार ९ सय ९१ रुपैयाँ बाँकी बेरुजू देखिन्छ। आर्थिक वर्ष २०८०/०८१ को बेरुजू २ करोड ६८ लाख १६ हजार ४ सय रुपैयाँ रहेको छ । नगरपालिकाले केही रकम फछ्र्यौट गरे पनि हाल नगरपालिकाको कुल बेरुजू ८ करोड ६ लाख ३ सय ९१ रुपैयाँ रहेको प्रतिवेदन आर्थिक समिति संयोजक पन्थीले प्रस्तुत गरे ।

आर्थिक वर्ष २०८०/०८१ सम्मको लेखा परीक्षणको प्रतिवेदन अध्ययन गर्दा प्रतिवेदन समितिले बेरुजूका प्रकृतिहरू दोहोरिएको उल्लेख गरेको छ। लेखा समितिका संयोजक पन्थीले प्रस्तुत गरेका प्रतिवेदनमा दिवा खाजा र निःशुल्क पाठ्यपुस्तक अनुदानमा विद्यार्थीको संख्यालाई सत्यापन नगरी बढी भुक्तानी दिएको, निर्माण कार्यमा गुणस्तर परीक्षण प्रतिवेदन बिना भुक्तानी, कार्यविधि विपरीत खर्च, कर समायोजन पत्र पेश नगरेको योजना बाहिर खर्च जस्ता अनियमितता समावेश छन् ।

रेसुङ्गा नगरपालिकाको लेखा समितिले आर्थिक वर्ष २०८०/०८१ सम्मको लेखा परीक्षण प्रतिवेदन मार्फत आर्थिक कार्यशैली सुधार गर्न सुझाव समेत दिएको छ । समितिले योजना छनोट, बजेट निर्माण, कार्यान्वयन र मूल्यांकन प्रक्रियामा नियमको पूर्ण पालना गर्नुपर्ने, आर्थिक अनुशासन बलियो बनाउने र बेरुजू घटाउन प्रमाण संकलन गरी फछ्र्यौट प्रक्रिया अघि बढाउनुपर्ने जनाएको छ । नगरपालिकाले मितव्ययी र पारदर्शी आर्थिक प्रणाली अपनाउन आवश्यक रहेको लेखा समितिका संयोजक पन्थीले बताए ।

नगरप्रमुख पन्थीले नगरभित्र वडा कार्यालय नभएका स्थानमा भवन निर्माणका लागि आवश्यक जग्गा व्यवस्थापन नगरपालिकाले गरिरहेको र आगामी आर्थिक वर्षको बजेटमा यसका लागि विनियोजन गरिने प्रतिवद्धता व्यक्त गरे ।

## स्वास्थ्य चौकी ४ वर्षदेखि प्रयोगविहीन



**टीकापुर/मस**-कैलालीको टीकापुर नगरपालिका-३ रामपुरमा ४ वर्षअघि निर्माण भएको स्वास्थ्य चौकी भवन सञ्चालनमा नआउँदै अलपत्र परेको छ । आर्थिक वर्ष २०७७/०७८ मा स्वास्थ्य चौकी निर्माण लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ३५ लाख बजेटबाट निर्मित स्वास्थ्य चौकी भवन सञ्चालनमा नआउँदै अलपत्र परेको हो । ऐलानी जग्गामा निर्माण गरिएको स्वास्थ्य चौकी भवनको एक कुना व्यक्तिगत जग्गामा जाने बाटोमा परेपछि निर्माण सम्पन्न भएको ४ वर्ष बितिसक्दा समेत भवन सञ्चालन नआउँदै अलपत्र परेको हो। स्थानीयवासीका अनुसार रामपुरमा रहेको चार कट्ठा ऐलानी जग्गामा स्थानीय सरकारले पर्याप्त छलफल नै नगरी निर्माण गर्दा भवनको एक कुना निजी जग्गामा जाने बाटोमा परेको भन्दै सञ्चालनमा नआएको हो ।

'भवन निर्माण हुँदासम्म कसैले कहिंकतै भवन बाटोमा परेको बारे केही भनेनन्, तर भवन निर्माण सम्पन्न भएर उद्घाटनको तयारी गर्दा जग्गाधनीले भवन बाटोमा परेको भन्दै विवाद गरेपछि अलपत्र परेको हो' वडा नम्बर ३ का तत्कालीन वडाध्यक्ष रामसेवक महतोले भने । नगर कार्यपालिका बैठकमा छलफल गरेर नै भवन बनाएको उनको दाबी छ । 'भवनको एउटा कुनाले चार फिट जति बाटो च्यापिएको छ। त्यसमै विवाद भयो र हालसम्म प्रयोगमै ल्याउन सकिएको छैन', उनले भने ।

महतोले जग्गाधनीलाई नगरपालिकामा बोलाएर छलफल गरेको बताउँदै विवाद टुंग्याउन खोजे पनि आफ्नो कार्यकाल सकिएकाले प्रक्रिया अधुरै रहेकाले भवन हालसम्म प्रयोगविहीन भएको बताए ।

वडा नम्बर ३ को रामपुरमै गैरसरकारी संस्था कोइकाले निर्माण गरेको अत्याधुनिक स्वास्थ्य चौकीको भवन छ । स्थानीयबासीहरू नगरपालिकाले स्वास्थ्यका नाममा आएको बजेट स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न गरेर त्यही भवनबाट वडा कार्यालय सञ्चालन गर्ने तयारी गरेको बताउँछन् ।

रामपुरमा निर्मित उक्त भवन सञ्चालनमा नहुँदा कोइकाले निर्माण गरेको स्वास्थ्य चौकीकै भवनबाट वडा कार्यालय सञ्चालनमा छ । स्वास्थ्य चौकी र वडा कार्यालय एउटै भवनबाट सञ्चालन हुँदा दुवै थरि सेवाग्राहीलाई समस्या हुने गरेको स्थानीयहरू बताउँछन् । स्वास्थ्य चौकीलाई कोइकाले निर्माण गरेको भवनमै राखेर नयाँ भवनमा वडा कार्यालय सार्न कार्यपालिकाले निर्णय नै गरेको थियो ।

टीकापुर नगरका नगर प्रमुख रामलाल डगौरा थारू पर्याप्त समन्वय विना भवन निर्माण हुँदा विवाद उत्पन्न भएर भवन अलपत्र परेको बताउँछन्। 'उक्त भवनमा वडा कार्यालय राख्ने गरी विवाद समाधानका लागि छलफल भइरहेको छ' नगर प्रमुख थारूले भने 'छिमेकी जग्गाधनीले पालिकाको न्यायिक समितिमा छलफलका लागि निवेदन दिएका छन्, हामी यसमा छलफल गरेर समाधान निकालेर भवन सञ्चालन गर्ने तयारीमा छौं।'

## ऐसेलुखर्क गाउँपालिकाको आफ्नै भवन



**खोटाङ/मस**-ऐसेलुखर्क गाउँपालिकाको आफ्नै प्रशासकीय भवन निर्माण भएको छ ।

अघिल्लो स्थानीय सरकारको पालामा निर्माण सुरु गरिएको भवन ल्याब परीक्षण गर्दा गुणस्तरहीन बनेको पुष्टि भएपछि २०७८ जेठदेखि काम रोकिएको थियो । निर्माणमा संलग्न रुजन-जगदम्बा-भुवनेश्वरी एण्ड वैभव जेभीले ल्याब रिपोर्ट कीर्ते गरेर बुझाएपछि थप समस्या देखापरेपछि काम रोकिएको थियो ।

भवन प्रदेश सरकारको तीन करोड ६९ लाख ८५ हजार आठ सय ७३ रूपैयाँको लागत स्टिमेटमा २०७६ माघ २६ गते टेण्डर आव्हान गरिए पनि उक्त निर्माण कम्पनीले मूल्य अभिवृद्धि करसहित दुई करोड ६८ लाख ४३ हजार तीन सय ४६ रूपैयाँको लागतमा २०७७ माघ १९ गतेभित्र सक्ने गरी ठेक्का पारेको थियो ।

भवन गुणस्तरहीन भएको ल्याब परीक्षण रिपोर्टले देखाएपछि नेपाल मध्यस्थता परिषद् (नेप्का)को मध्यस्थतामा विवाद समाधान गरी मध्यस्थ ऐन, २०५५ को अधीनमा रहेर उक्त भवन निर्माणको काम सम्पन्न गरिएको गाउँपालिका प्रमुख गिरेन्द्रबहादुर राईले बताएका छन् । उक्त भवन गुणस्तरहीन काम गर्ने रुजन-जगदम्बा-भुवनेश्वरी एण्ड वैभव जेभीले नै सम्पन्न गरेको हो ।

सुरुमा प्रदेश सरकारको बजेटमा उक्त भवन सुरु गरिए पनि निर्माण कम्पनीले गुणस्तरहीन बनाएपछि प्रदेशको बजेट फिर्ता भएपछि गाउँपालिकाले लगानी गर्नु परेको राईले सुनाएका छन्। उनका अनुसार उक्त भवनका लागि गाउँपालिकाको दुई करोड ३० लाख खर्च भएको छ।

## बैतडीमा जिप दुर्घटना हुँदा २ जनाको मृत्यु, ६ जना घाइते

**बैतडी/मस**-बैतडीमा जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । धनगढीबाट दार्चुलाको गन्नातर्फ जाँदै गरेको सुपप्र ०४ ००१ज १३७२ नम्बरको जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको हो ।

डिलासैनी गाउँपालिका-१ का चालकसमेत रहेका २४ वर्षीय सन्तोषबहादुर राना र सोही ठाउँका ३२ वर्षीय किरण बोहराको मृत्यु भएको



जिल्ला प्रहरी कार्यालय बैतडीका प्रवक्ता प्रहरी निरीक्षक बलराम पाण्डेयले जानकारी दिए ।

जिपमा सवार अन्य छ जना घाइते भएका छन् । डिलासैनी-१ का ४५ वर्षीय रामकुमार राना, २१ वर्षीया भागरती खत्री, उनकी दुई वर्षकी छोरी एलिसा, २१ वर्षका हेमन्तप्रसाद भट्ट, २७ वर्षीय राजेन्द्रबहादुर खत्री र ५१ वर्षीया कमला धामी घाइते भएका प्रहरी निरीक्षक पाण्डेयले बताए। राजेन्द्र र कलमालाई थप उपचारका लागि धनगढी पठाएको जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ ।

शनिबार बिहान ५:३० बजे बैतडीको पाटन-६ स्थित खिपालीमा जिप दुर्घटना भएको हो । दुर्घटनाको जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय पाटनको टोली र स्थानीय उद्धारमा खटिएका थिए। जिप सडकबाट करिब १०० मिटर तल भिरमा थामिएको छ। दुर्घटनाको कारण खुल्न सकेको छैन ।

# 'उदयपुर फाइल्स'को प्रदर्शनमा रोक



**काठमाडौं/मस–** दिल्ली उच्चअदालतले 'उदयपुर फाइल्सस् कन्हैया लाल टेलर मर्डर' नामक चलचित्रको प्रदर्शनमा रोक लगाएको छ। केन्द्र सरकारले जमियत उलेमा-ए-हिन्दले दायर गरेको पुनरीक्षण निवेदनमाथि निर्णय नलिएसम्म यो रोक रहनेछ।

जमियत उलेमा-ए-हिन्दले सेन्ट्रल बोर्ड अफ फिल्म सर्टिफिकेशन (सीबीएफसी) द्वारा फिल्मलाई दिइएको प्रमाणीकरणलाई चुनौती दिँदै पुनरीक्षण निवेदन दायर गरेको थियो।

उच्च अदालतले याचिकामाथि निर्णय नहुँदासम्म फिल्मको प्रदर्शनमा रोक लगाइनुपर्ने बताएको छ। सन् २०२२ को उदयपुर हत्याकाण्डमा आधारित यो चलचित्र जुलाई ११ मा प्रदर्शन हुने तय भएको थियो। निवेदनकर्ताले फिल्मले साम्प्रदायिक विद्वेष भड्काउन सक्ने र सीबीएफसीले दिएको सर्टिफिकेटमा पुनर्विचार आवश्यक रहेको तर्क दिएका थिए।

फिल्म निर्माता अमित जानीका वकिल पुलकित अग्रवालले अदालतको आदेशपछि आफूहरू सर्वोच्च अदालतमा चुनौती दिने वा नदिने भन्नेबारे छलफल गर्ने बताएका छन्। उनले भने, 'अदालतले यस फिल्मको प्रदर्शनमा तत्कालका लागि रोक लगाउन आदेश दिएको छ। पूरै आदेश पढिसकेपछि हामी सर्वोच्च अदालतमा यसलाई चुनौती दिने कि नदिने भन्नेबारे बसेर निर्णय गर्नेछौँ।'

अग्रवालले यो फिल्म हिन्दू-मुस्लिम एकताको बारेमा रहेको र कुनै पनि समुदायको भावनामा ठेस पुग्ने खालको केही पनि नभएको दाबी गरे। उनले थपे- 'हिजो निवेदनकर्ताका वकिलले पूरै फिल्म हेर्नुभयो। यदि फिल्ममा केही आपत्तिजनक हुन्थ्यो भने सेन्सर बोर्डले यसलाई पास गर्दैनथ्यो। सेन्सर बोर्डले साठीभन्दा बढी कट लगाएपछि मात्र यो फिल्मले सेन्सर सर्टिफिकेट पाएको हो।'

जमियत उलेमा-ए-हिन्दका अध्यक्ष मौलाना अरशद मदनीले 'उदयपुर फाइल्स'को प्रदर्शनमा रोक लगाउन दिल्ली, महाराष्ट्र र गुजरातका उच्च अदालतमा निवेदन दिएका थिए। उनले सामाजिक सञ्जालमार्फत 'यो फिल्ममा साम्प्रदायिक हिंसा भड्काउने क्षमता छ' भन्ने दाबी गरेका थिए।

मदनीले 'उदयपुर फाइल्सले एउटा खास धार्मिक समुदायलाई बदनाम गर्ने र घृणालाई बढवा दिन सक्ने' बताएका छन्। उनका अनुसार ट्रेलरमा इस्लामका पैगम्बर र उनका पवित्र पत्नीहरूविरुद्ध आपत्तिजनक टिप्पणी गरिएको छ, जसले देशमा शान्ति र सार्वजनिक व्यवस्थालाई खलल पुर्‍याउन सक्छ। फिल्मले देवबन्दलाई चरमपन्थको केन्द्रका रूपमा देखाउँछ र यसका विद्वानहरू (उलेमा) विरुद्ध अत्यन्तै भड्काऊ भाषा प्रयोग गर्दछ।'

# गायिका चौहानले ल्याइन् तीज गीत




**काठमाडौं/मस–**चर्चित नेपाली गायिका एलिना चौहानले तीजको अवसर पारेर आफ्नो जीवनका अनुभव र पीडालाई समेटिएको नयाँ गीत सार्वजनिक गरेकी छन्। 'एक दिन त पछुताउँछ' शीर्षकको यो तीज गीतमा उनले विगतका घाउ, पीडा र आत्मबललाई भावुक अभिव्यक्तिमा प्रस्तुत गरेकी छन्।

गीतमा गायिका चौहानलाई लोकप्रिय गायक खुमन अधिकारीले स्वरमा साथ दिएका छन्। गीतको शब्द गायत्री थापाले लेखेकी हुन् भने लय खुमन अधिकारीकै रहेको छ।

म्युजिक भिडियोमा खुमन अधिकारी, स्मारिका ढकाल, गायत्री थापा र विन थापाले अभिनय गरेका छन्। भिडियोलाई जीवन कुमार ज्ञवालीले निर्देशन तथा कोरियोग्राफी गरेका छन्। दुर्गा पौडेलको छायांकन र नविन घर्तिमगरको सम्पादन रहेको भिडियोले गीतको भावनालाई प्रभावशाली ढंगले दर्शाएको छ।

# 'भूवा'को छायांकन सम्पन्न



**काठमाडौं/मस–**गिनिज बुक अफ वर्ल्ड रेकर्डमा संसारकै कान्छा चलचित्र निर्देशकका रूपमा नाम लेखाउन सफल सौगात विष्ट निर्देशित नयाँ लघु चलचित्र 'भूवा'को छायांकन सम्पन्न भएको छ। डान्स फिभरको प्रस्तुति रहेको यस चलचित्रलाई सम्झना पोखरेलले निर्माण गरेकी हुन्।

'भूवा' शीर्षकले सांस्कृतिक र पारिवारिक सन्दर्भ समेट्ने चलचित्रका प्रमुख कलाकार गजित विष्टले बताए। विष्ट कथाको मुख्य पात्रको रूपमा चलचित्रमा प्रस्तुत छन्।

'भूवा'ले पारिवारिक भावना र सामाजिक चेतनालाई समेट्ने अपेक्षा गरिएको छ। अत्यन्तै कम उमेरमा निर्देशनमा पाइला टेकेका सौगातले यस लघु चलचित्रमार्फत फेरि एकपटक आफ्नो सिर्जनात्मक क्षमताको परिचय दिने विश्वास निर्माण टिमले व्यक्त गरेको छ।

सङ्गम विष्टले लेखेको कथा र पटकथा समेटिएको यस लघु चलचित्रमा नवराज उप्रेतीको छायाङ्कन र प्रवीण भट्टको सम्पादन रहेको छ साथै विक्रम गौतमको मेक अप रहेको यस चलचित्रको गीतमा चन्द्रमणि भट्टराईले शब्द रचना गरेका छन् भने राजेन्द्र बजगाईँले सङ्गीत भरेका छन्। सारिका घिमिरे र विषम आचार्यको स्वरमा तयार भएको गीतमा विषम आचार्यकै ब्याक ग्राउन्ड म्युजिक सुन्न सकिनेछ।

चलचित्र निर्माणको सल्लाहकारका रूपमा गम्भीर विष्ट र कुमार मोक्तान तामाङ रहेका छन्।

# हरिमायाले ल्याइन् तीज गीत 'मधु'




**सुर्खेत/मस–**गायिका हरिमाया कार्कीको तीज गीत 'मधु' सार्वजनिक गरिएको छ।

यस गीतमा नेपाली संस्कृति र स्थानीय मौलिकता झल्किने स्थानीय कलाकारहरूको अभिनय रहेको छ।

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान कर्णाली प्रदेशकी अध्यक्ष कार्कीको एकल स्वरमा रहेको 'मधु'मा संगीत र शब्द रचना पनि आफैं गरेकी हुन्। खेमराज गौतमले संगीत एरेन्ज गरेको उक्त गित मालाश्री डिजिटल रेकर्डिङ स्टुडियोमा रेकर्ड गरिएको हो। गीतको भिडियोमा समीक्षा सुनार, जानकी पुन, यामनारायण आचार्य, सिर्जना ठकुराठी, चित्रकला खत्री, हरिमाया कार्की, अनमिन जिसी, पावल बलामी मगरलगायतका कलाकार हरूले अभिनय गरेका छन्।

गीतको भिडियो सुर्खेतका विभिन्न पर्यटकीय स्थानमा छायाङ्कन गरिएको छ। निर्मल प्याकुरेले निर्देशन र सम्पादन गरेको उक्त भिडियोमा चन्द मन्दिर र हेमन्त नेपालीले नृत्य निर्देशन गरेका छन्। गीतका रचनाकार हरिमाया कार्कीले तीज गीत 'मधु' नेपाली हिन्दु महिलाहरूको जीवन भोगाई र अनुभूतिको प्रतिबिम्ब भएको बताइन्।

# कुमः सागर एन्ड द ख्वपलाई उत्कृष्ट ब्यान्डको अवार्ड



**काठमाडौं/मस–** 'नेसनल म्युजिक अवार्डस् (एनएमए) २०८१' मा उत्कृष्ट ब्यान्डको अवार्ड कुमः सागर एन्ड द ख्वपले प्राप्त गरेको छ।

कुमः सागर पछिल्लो समय युवापुस्ताका लोकप्रिय गायक हुन्। कार्यक्रममा १४ विधामा अवार्ड घोषणा भएको छ। संगीतको कुनै पनि औपचारिक शिक्षा नलिएका कुमः सागर असलमा 'म्युजिक डिजाइन' गर्ने गायक हुन्, जो युवापंक्तिका प्रिय गायक-अवतारका रूपमा चिनिन्छन्। उनका गीत सुन्दा पश्चिमा जस्तो पनि लाग्छन्, लोकजस्तो पनि। र, सुन्दै जाँदा रक, पप र भजनजस्तो पनि। उनका गीतमा यी सबैको फ्युजन भेटिन्छ।

कुमःको 'द ख्वपः ब्यान्ड' केवल भक्तपुरको होइन, देशकै सान बनेको छ। मुलुकभित्र होस् वा विदेशमा, जताततै कुमः र उनको ब्यान्डको माग छ। गीत-संगीतका जानकारहरू कुमःका गीतले लामो अन्तरालपछि नेपाली संगीतमा नयाँपन ल्याएको दाबी गर्छन्। त्यही भएर नै कुमःका सिर्जनालाई संगीतप्रेमीले हृदयदेखि स्वागत गरेको र हौसलाको हातले धाप मारिरहेको उनीहरूको ठम्याइ छ।

# प्रकाशले ल्याए 'मेरी आमा'




**काठमाडौं/मस–**मञ्जु गुरुङको स्वरमा नयाँ नेपाली गीत 'मेरी आमा' सार्वजनिक भएको छ। गीतमा सुविक्षा सापकोटा, प्रतीक्षा वाग्ले र माही चौलागाईंको अभिनय रहेको छ। गीतले आमाको माया र समर्पणको भावनालाई मार्मिक ढंगले प्रस्तुत गरेको छ।

सन्तकुमार केसीको रचना र रमेश क्षितिज गिरीको संगीत रहेको यो गीत रोमश भण्डारीले संगीत संयोजन गरेका छन्। गीतको म्यूजिक भिडियोको निर्देशन दीपेन्द्र प्रकाश केसीले गरेका छन्।

'मेरी आमा' गीतले आमाको महत्व र उनको स्नेहलाई चित्रण गर्दै श्रोताहरूमाझ भावनात्मक सन्देश पुर्‍याउने अपेक्षा गरिएको छ।

# पद्मश्री विजेता साहित्यकार लामाको निधन



**काठमाडौं/मस–** नेपाली साहित्य र संगीतको क्षेत्रमा लामो समयदेखि योगदान पुर्‍याउँदै आएका सिक्किमका प्रतिष्ठित सर्जक सानु लामाको भारतको सिलिगुडीमा निधन भएको छ।

८५ वर्षीय लामाको शनिबार उपचारका क्रममा निधन भएको हो। केही दिनअघि पानीमा भिजेर अस्वस्थ भएपछि उनलाई अस्पताल भर्ना गरिएको थियो।

सन् १९३९ जुन १५ मा सिक्किममा जन्मिएका लामाको खास नाम गडुलसिंह लामा हो। तर, साहित्यमा भने उनी सानु लामाको रुपमा परिचित थिए।

भारतीय नेपाली साहित्यका चर्चित कथाकार, कवि र अनुवादक उनी पेसाले इन्जिनियर थिए। उनका तीनवटा कथा संग्रह प्रकाशित छन्, कथा संपद (१९७१), जोगिका (१९८१) र मृगतृष्णा (१९९३)। उनका कृतिहरू अंग्रेजी, हिन्दी, उर्दू, असमिया र उडिया भाषामा अनुवाद भइसकेका छन्।

मृगतृष्णा कथाबाट उनले सन् १९९३ मा साहित्य अकादेमी पुरस्कार पाएका थिए। उनको आत्मकथात्मक उपन्यास 'हिमालचुली मुन्तिर', यात्रावृत्तान्त 'आँगन पारितिर', कवितासंग्रह 'जहाँ बग्छ तिस्ता र रंगीत', तथा धार्मिक अनुवाद कृति 'भगवान बुद्ध : जीवन र दर्शन' र 'गुरु पद्मसम्भव' प्रकाशित छन्।

सिक्किम भानु पुरस्कार, डा. शोवाकान्ति थेगिम स्मृति पुरस्कार र मदन व्याखानमाला पुरस्कार जस्ता सम्मानले पनि विभूषित उनलाई सन् २००५ मा भारतीय सरकारले साहित्यिक योगदानको कदरस्वरूप देशको चौथो ठूलो नागरिक सम्मान पद्मश्री प्रदान गरेको थियो।

'बालापनको आँगन त्यागेर...' जस्तो लोकप्रिय गीतका रचनाकार लामा सिक्किम, दार्जिलिङ, डुवर्स, असमलगायत क्षेत्रका नेपाली भाषी समुदायमा अत्यन्त सम्मानित स्रष्टा थिए।

शब्द, स्वर र भावनालाई कलात्मक ढंगले प्रस्तुत गर्न सिपालु लामा आफ्ना रचनामार्फत नेपाली जनजीवनका संवेदना उजागर गर्न माहिर थिए।

सयौं कथामार्फत नेपाली साहित्यको भण्डार समृद्ध बनाउने लामाको निधनले नेपाली साहित्यमा अपुरणीय क्षति भएको सिलिगुडीका साहित्यकार सुकराज दियालीले बताए।

# 'एक्का तीन' बन्ने

**काठमाडौं/मस–** गत वर्ष चलचित्र 'दान्भी' निर्देशन गरेका रुपेश तामाङले नयाँ चलचित्र निर्माणको घोषणा गरेका छन्। शुक्रबार उनले नयाँ चलचित्र 'एक्का तीन' निर्माण गर्ने भएका हुन्। सुमन गजमेरको लेखन रहने यो चलचित्रलाई सन् २०२६ मा प्रदशर्न गर्ने घोषणा गरिएको छ।

थीम पोस्टरमा तीन जना पात्र छन्। जसमा दुई पुरुष र एक महिलालाई स्थान दिइएको छ। चलचित्रको मुख्य भूमिकामा नायिका पूजा शर्माले काम गर्ने पक्का भइसकेको छ। तर, अन्य मुख्य पात्रहरूको बारेमा निर्माणपक्षले खुलाएको छैन। 'एक्का तीन-च्याप्टर १' भनिएकाले पनि यो चलचित्रको दोस्रो सिरिज पनि बन्ने सङ्केत निर्माणपक्षले दिएको छ।

यसपटक चलचित्रमा एक्सन, सस्पेन्स र बलियो कथा रहेको निर्देशक तामाङको भनाई छ। आफूले यसअघिका चलचित्रमा गरेका कमीकमजोरीलाई समेत सच्चाएर यो चलचित्र निर्देशन गर्ने तामाङले बताए। चलचित्रको छायाङ्कन चाँडै नै सुरु हुनेछ।




**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०३/२९**

**इम्पायर स्पोर्टस म्यानेजमेन्ट प्रा. लि.** को मिति २०८२/०३/०६ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **फिटफोर्स एक्टिभवेयर प्रा. लि. (प्रा. लि. नं. ३५०७८०)** कायम गर्ने गरी मिति २०८२/०३/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०३/२९**

मिति २०७३/०७/१५ गते सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **जि. एन. सप्लायर्स प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जि. एन. कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. (प्रा. लि. नं.: १५७१३३)** कायम गर्ने गरी मिति २०७३/०७/२० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना**

**पहिलो पटक प्रकाशित मिति २०८२/०३/२९**

यस सा.व..उ.स.को स्विकृत वन कार्ययोजना अनुसार आ.व. ०७८/०७९ मा उत्पादन भई वन पैदावार आपूर्ति समितिबाट समूहलाई फिर्ता भई घाटगद्धीमा रहेको साल जातको गोलिया थान ३९ को २२०.६८ क्यू.फि. काठलाई समूह बाहिर लिलाम बिक्रीको लागि डि.व.का., अर्घाखाँचीको लिलाम बिक्री सहमति बमोजिम उक्त काठ हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले वन पैदावारमा आधारित कारोबार गर्ने ईच्छुक योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मिति देखि २१ औं दिन सार्वजनिक विदा परेकोले मिति २०८२/०४/१८ गतेको कार्यालय समय भित्र बोलपत्र खरिद गरी मिति २०८२/०४/१९ गतेको दिउँसो ३:०० बजे भित्र दाखिला गर्न हुन र विस्तृत जानकारीको लागि यस समूहको कार्यालय तथा जिल्ला स्थित अन्य कार्यालयमा टाँस भएको सूचना हेर्नु हुन अनुरोध छ।

**जलुके नौमुरे सामुदायिक वन उपभोक्ता समूह, शितगंगा- ७, अर्घाखाँची**

**यूएईमा रोजगार**

कम्पनी : NASHMA AL JAMAL CLEANING SERVICES EST — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/१२/१० — चलानी नं.: ६०२३५०१३ — LT. No.:320880 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलब (AED) | मासिक तलब (ने. रू.) | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 7 | 1 | स. काममा दक्ष | 1000 | ३७,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ४ गते (20 July 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**H.M.T. Overseas Pvt. Ltd.** — Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301
Mob.: 9842036587, 9823164783, 9808466028, 9803515104, 9866691140, 9827685565

# फिफाले हटायो एन्फामाथिको आर्थिक बन्देज

**काठमाडौं/मस–** विश्व फुटबल महासंघ (फिफा) ले नेपालमाथि लगाएको 'कन्ट्रोल फन्डिङ'को बन्देज हटाएको छ ।

आर्थिक अपारदर्शिता र भ्रष्टाचारको आशंका गर्दै फिफाले १५ मार्च २०२१ मा अखिल नेपाल फुटबल संघ (एन्फा)माथि 'कन्ट्रोल फन्डिङ' लागू गरेको थियो ।

जसअन्तर्गत फिफाले एन्फालाई दिँदै आएको आर्थिक सहयोगलाई आफ्नो नियन्त्रणमा राखेर नियमन गरी खर्च गर्न दिन्थ्यो । चार वर्षपछि गत बिहीबार फिफाको गभर्नेन्स, अडिट एन्ड कम्प्लायन्स कमिटी (जीएसीसी) को बैठकले नेपालमाथि लगाइएको उक्त बन्देज हटाएको एन्फाले जानकारी दिएको छ ।




एन्फाले शनिबार जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, 'निर्वाचन पश्चात संस्था सुधार, भद्रगोल व्यवस्थाको अन्त्य र पारदर्शिता कायम गर्ने लक्ष्यका साथ थालिएको यात्रा आज सकारात्मक मोडमा आइपुगेको छ ।' आर्थिक प्रणालीलाई अन्तर ाष्ट्रिय स्तरको लेखा प्रणालीमा रूपान्तरण गर्न फिफासँगको सहकार्य महत्वपूर्ण भएको एन्फाको दाबी छ ।

एन्फाका महासचिव किरण राईद्वारा हस्ताक्षरित विज्ञप्तिमा वर्तमान कार्यसमितिले आर्थिक सुशासन, पारदर्शिता र भ्रष्टाचार मुक्त संघ बनाउन गरेका प्रयासहरूको प्रतिफल स्वरूप यो सफलता मिलेको उल्लेख छ ।

'वर्तमान नेतृत्वले पाएको विरासत र चुनौतीलाई चिर्दै सम्पूर्ण कार्यसमिति, सदस्य संघ तथा सरोकारवालाहरूको सामूहिक प्रयासबाट यो सुखद परिणाम हासिल भएको हो,' विज्ञप्तिमा भनिएको छ ।

यसैगरी, एन्फाले अर्को महत्त्वपूर्ण उपलब्धि हासिल गर्दै 'फिफा फरवार्ड गोल्ड लेभल फर एएफसी मेम्बर एसोसिएसन अफ द इयर (गोल्ड) अवार्ड २०२४' समेत जितेको छ ।

# क्रिकेटर सन्दीप लामिछानेको सम्मानमा रंगशाला बन्दै

**वालिङ (स्याङ्जा)/मस–** नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तान रहेका क्रिकेटर सन्दीप लामिछानेको सम्मानमा स्याङ्जामा क्रिकेट रंगशाला बनाउन सुरु गरिएको छ । स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-५ आरुचौरमा जन्मिएका क्रिकेटर लामिछानेको सम्मानमा सोही वडाको थाप्लेमा गाउँपालिकाले रंगशाला बनाउन सुरु गरेको हो ।



गाउँपालिका कार्यालयको लगानी तथा अगुवाइमा स्थानीयहरूको जनश्रमदानसहित रंगशाला निर्माण सुरु भएको गाउँपालिकाका अध्यक्ष प्रकाश तिवारीले बताए । डाँडाको टुप्पो तर समथर रहेको सार्वजनिक गौचरनलाई क्रिकेट मैदान बनाउने गरी चालु आर्थिक वर्ष २०८१/८२ देखि बनाउन सुरु गरेको उनले बताए ।

'चालु आवदेखि गाउँपालिकाको लागत तथा स्थानीयहरूको जनश्रमदानमा रंगशाला बनाउन सुरु गरेका हौँ,' उनले भने, 'अहिले मैदान बनाउने ठाउँलाई सम्याउने काम भएको छ, वर्षा लागेकाले तत्काललाई काम रोकेका छौँ, वर्षा सकिएपश्चात् कामलाई तीव्र गतिमा अगाडि बढाएर सम्पन्न गर्छौं ।'

समुद्री सतहदेखि १९०७ मिटरको उचाइमा यो ठाउँ रहेको छ । निर्माणाधीन मैदानलाई 'नाइन्टिन ओ सेभेन अरिना' नाम दिएको उनले बताए । मैदानबीच भागबाट चारैतिर ४५ मिटर वृत्ताकारमा फैलिएको छ । राष्ट्रियस्तरको मैदानका लागि आवश्यक पर्ने मापदण्डलाई पूरा हुने गरी निर्माण भइरहेको छ ।

मैदानमा पीच बनाउनका लागि क्रिकेटसँग सरोकार राख्ने जिल्ला, प्रदेश तथा केन्द्रीय नेतृत्वकर्ता, अनुभवीहरूको परामर्शमा काम भइरहेको छ । अहिले देश तथा विदेशमा आफ्नो र देशको नामलाई परिचित गराउन सफल क्रिकेटर सन्दीपको जन्म यसै ठाउँमा भएकाले उनको सम्मान सँगसँगै नयाँनयाँ प्रतिभा उत्पादन गर्नका लागि पनि यसले महत्वपूर्ण भूमिका खेल्ने विश्वास अध्यक्ष तिवारीको छ ।

'क्रिकेट मैदान निर्माणाधीनस्थलबाट झण्डै आधा घण्टाको दूरीमा दक्षिण एसियाकै पहिलो सामुदायिक घरबास (होमस्टे)को रूपमा पहिचान बनाएको सिरुबारी गाउँ रहेको छ,' गाउँपालिकाका अध्यक्ष तिवारीले भने, 'यस क्षेत्रमा क्रिकेट र पर्यटनलाई सँगसँगै जोडेर अगाडि लैजान सकिने देखिएको छ ।'

क्रिकेट मैदान निर्माण सम्पन्न भएसँगै यस ठाउँमा राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिता सञ्चालन गर्ने तयारी छ । पछिल्लो समय युवामाझ लोकप्रिय बन्दै गइरहेको नयाँ नयाँ प्रतिभाको प्रतिभाको खोजी गर्दै प्रतिभा बाहिर ल्याउन सहयोग पुग्ने धारणा गाउँपालिकाका अध्यक्ष तिवारीको छ । उनका अनुसार अभ्यासका लागि छुट्टै ठाउँ बनाइने छ ।

# खेलकुदका पूर्वाधार निर्माण प्राथमिकतामा छ : मन्त्री चौधरी




**विराटनगर/मस–**युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले खेलकुदका पूर्वाधार निर्माणलाई सरकारले प्राथमिकतामा राखेको बताएका छन् । शनिबार कोशी प्रदेश खेलकुद बोर्डले आयोजना गरेको सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री चौधरीले यस्तो बताएका हुन् ।

मन्त्री चौधरीले आगामी आर्थिक वर्षको बजेटमा सरकारले खेलकुद क्षेत्रको बजेट दोब्बरले बढाएको बताए । उनका अनुसार सरकारले विगतका वर्षहरूमा युवा तथा खेलकुद मन्त्रालयलाई ३ करोड बजेट विनियोजन गर्दै आएकोमा आगामी आर्थिक वर्षको बजेटमा दोब्बरले बढाएर ६ अर्ब विनियोजन गरेको छ । मन्त्री चौधरीले ६ अर्ब बजेट मध्ये ४ अर्ब खेलकुद क्षेत्रका पूर्वाधार निर्माणका लागि विनियोजन गरिएको बताए । चौधरीले भने' आगामी आर्थिक वर्षका मन्त्रालयले ४ अर्ब बजेट पूर्वाधार निर्माणका लागि मात्रै विनियोजन गरेको छ ।'

मन्त्री चौधरीले बजेट विनियोजन गरिएका आयोजनाको तत्काल डीपीआर गर्न र डीपीआर गरेका आयोजनाबारे मन्त्रालयलाई साउन भित्रै जानकारी दिन पनि आग्रह गरे । उनले आगामी आर्थिक वर्ष द्रुत गतिमा खेलकुदका पूर्वाधार निर्माण गर्ने दाबी पनि गरे । मन्त्री चौधरीले राम्रा खेलाडी उत्पादनका लागि स्कुल देखि ओलम्पिक भन्ने कार्यक्रम पनि सरकारले कार्यान्वयनमा लैजाने तयारी गरेको जानकारी दिए ।

उनले कोशी प्रदेश खेलकुदमा पछि परेका कारण खेलकुद क्षेत्रलाई उकास्ने र खेलाडीको क्षमता अभिवृद्धिमा सहयोग पुग्ने कार्यक्रम ल्याउन प्रदेश सरकार र स्थानीय तहहरूलाई आग्रह गरे । कार्यक्रममा खेलकुद क्षेत्रका खेलाडी, प्रशिक्षक, पदक विजेता खेलाडी र पत्रकारहरूलाई समेत सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो ।

# फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदानको ईआईए सम्पन्न




**काठमाडौं/मस–** फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला तथा खेलग्रामको वातावरणीय प्रभाव मूल्याङ्कन (ईआईए) प्रक्रिया सम्पन्न भएको छ ।

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण समितिले पेस गरेको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनलाई स्वीकृति प्रदान गरेको हो ।

ईआईए स्वीकृतिसँगै परियोजनालाई आवश्यक सम्पूर्ण कानुनी प्रक्रिया सम्पन्न भएको छ । यसअघि नै विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) लगायत सम्पूर्ण प्राविधिक कार्यहरू सम्पन्न गरिसकिएको फाप्ला क्रिकेट रंगशाला तथा खेलग्राम परियोजना अब निर्माणतर्फ अगाडि बढ्ने स्पष्ट मार्गचित्रमा प्रवेश गरेको छ ।

नेपाल सरकारको प्राथमिकतामा रहेको फाप्ला खेलग्राम अन्तर्राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिता आयोजना गर्न सक्ने गरी पूर्वाधार निर्माण गर्ने लक्ष्यसहित अघि बढाइएको हो ।

परियोजनाको निर्माण कार्य अन्तर्राष्ट्रिय टेन्डर प्रक्रियाबाट अघि बढाइनेछ फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला तथा खेलग्राम पूर्वाधार निर्माण विकास समिति, धनगढीका अध्यक्ष सुवाश बि शाहीले जनाएका छन् ।

खेलग्राम अन्तर्गत अन्तर ाष्ट्रिय मापदण्ड अनुरूपको ५० हजार दर्शक क्षमताको क्रिकेट रंगशाला चरणबद्ध रूपमा निर्माण गरिनेछ । साथै, फुटबल मैदान, पौडी पोखरी, ट्र्याक एन्ड फिल्ड, मल्टि(स्पोर्ट्स हल, स्पोर्ट्स म्युजियम लगायतका पूर्वाधारहरू समेत समावेश गरिनेछ ।

करीब २६ अर्ब रुपैयाँ लागत अनुमान गरिएको यस परियोजना आगामी पाँच वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ । फाप्ला रंगशाला तथा खेलग्रामको सफल कार्यान्वयनले सुदूरपश्चिम प्रदेशको खेलकुद एवम् पर्यटन विकासमा र समग्ररुपमा देशकै अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास लिइएको छ ।

# इटाली आईसीसी टी-२० विश्वकपमा छनोट

**काठमाडौं/मस–** नेदरल्याण्ड्स र इटालीले युरोप क्षेत्रीय छनोट पार गर्दै भारत र श्रीलंकामा हुने आगामी आईसीसी टी-२० विश्वकप २०२६ का लागि छनोट भएका छन् ।



शुक्रबार भएको निर्णायक खेलमा नेदरल्याण्ड्ससँग ९ विकेटले पराजित भएपनि इटाली छनोट भएको हो । नेदरल्याण्ड्स पनि जितका साथ विश्वकपमा स्थान बनाउन सफल भयो ।

यस जितसँगै नेदरल्याण्ड्सले ४ खेलमा ६ अंक जोड्दै शीर्षस्थानमा रहँदै छनोट पक्का गर्‍यो भने इटाली ५ अंकसहित दोस्रो स्थानमा रह्यो ।

यो नतिजाले जर्सीको आशा भने समाप्त गर्‍यो । यदि नेदरल्याण्ड्सले उक्त लक्ष्य १४.१ ओभरभन्दा अघि पूरा गरेको भए जर्सी नेट रनरेटको आधारमा इटालीभन्दा अघि पर्ने थियो। तर नेदरल्याण्ड्सले १३५ रनको लक्ष्य १६.२ ओभरमा पूरा गरेपछि इटालीले स्थान सुरक्षित गर्न सफल भयो ।

खेलमा इटालीले पहिला ब्याटिङ गर्दै २० ओभरमा ७ विकेट गुमाएर १३४ रन बनाएको थियो । बेन मानेन्तीले ३० रन, ग्रान्ट स्टुवर्टले २५, ह्यारी मानेन्तीले २३ र कप्तान जो बर्न्सले २२ रन बनाए । बलिङतर्फ नेदरल्याण्ड्सका रूलोफ भान डर मर्वेले ३ विकेट, काइल क्लाइनले २ विकेट तथा आर्यन दत्त र पाउल भान मिकरनले १-१ विकेट लिए ।

जवाफमा नेदरल्याण्ड्सले १६.२ ओभरमा मात्र १ विकेट गुमाएर लक्ष्य पुरा गर्‍यो । म्याक्स ओ'डाउड ४७ रनमा अविजित रहे भने कप्तान स्कट एडवार्ड्स ३७ रनमा अविजित रहे ।

**कुमारी बैंक लिमिटेड शाखा कार्यालय पुतलीसडक, काठमाण्डौको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८२/०३/२९ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय पुतलीसडक, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८२ साउन १२ गते सोमबार**का दिन शाखा कार्यालय पुतलीसडक, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

**१. ऋणीको विवरण**

कम्पनी ऐन, २०७३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा मिति २०६१/०७/२० मा दर्ता नं. ३१४४२/०६१/०६२ कायम भई आन्तरिक राजश्व कार्यालय ललितपुरबाट मिति २०६१/०७/२४ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०१७०७९०१ रहेको ललितपुर जिल्ला, ललितपुर महानगरपालीका वडा नं.०८, ढोलाहिटि स्थित रजिष्टर्ड कार्यालय रहेको **शैलुङ कन्ष्ट्रक्सन कम्पनी प्रा.ली.** ।

**सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **शारदा प्रसाद अधिकारी**
ना.प्र.नं.- १८५२९
जारी मिति - २०४५/०४/११ जि.प्र.का. ललितपुर
बाबु - मोदनाथ अधिकारी
बाजे - रघुनाथ अधिकारी
पत्नी - ईन्दिरा अधिकारी
स्थायी ठेगाना- ललितपुर जिल्ला, सुनाकोठी, गा.बि.स./न.पा. वडा नं ८

२. **रमेश सुवेदी**
ना.प्र.नं.- ४७०८७
जारी मिति - २०५३/०९/२१ जि.प्र.का. नुवाकोट
बाबु - शिव प्रसाद सुवेदी
बाजे - जगन्नाथ सुवेदी
स्थायी ठेगाना- नुवाकोट जिल्ला, नर्जा मण्डप गा.बि.स./न.पा. वडा नं ५

३. **ईन्दिरा अधिकारी**
ना.प्र.नं.- ७२३९६
जारी मिति - २०५०/०६/०७, जि.प्र.का. नुवाकोट
बाबु - कमल प्रसाद देवकोटा
बाजे - शिव लाल देवकोटा
पति - शारदा प्रसाद अधिकारी
स्थायी ठेगाना- नुवाकोट जिल्ला, बागेश्वरी गा.बि.स./न.पा. वडा नं ३

**लिलाम हुने सम्पत्तिको विवरण**

धनि कुमारी बैक लि. र ऋणी **शैलुङ कन्ष्ट्रक्सन कम्पनी प्रा.ली.** कायम भएको तपसिलको सवारी साधनहरु:

| सवारी नं. | चे.नं. | ई.नं. | मोडल | यातायात कार्यालय |
|---|---|---|---|---|
| Ba.2.Ka. 9565 | XUGO215BCHKA00587 | 6BG1-371883 | XCMG Hydraulic Excavator | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| Ba.2.Ka. 9562 | XUGO215BCHKA00590 | 6BG1-371729 | XCMG Hydraulic Excavator | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| Ba.2.Ka. 9564 | XUGO215BLHKA00584 | 6BG1-371949 | XCMG Hydraulic Excavator | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| Ba.2.Ka. 9563 | XUGO215BTHKA00591 | 6BG1-371899 | XCMG Hydraulic Excavator | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| Ba.2.Ka. 9566 | XUGO215BCHKA00564 | 6BG1-369356 | XCMG Hydraulic Excavator | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| Ba.2.Ka. 9567 | XUGO215BLHKA00570 | 6BG1-369749 | XCMG Hydraulic Excavator | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| Ba.2.Ka. 9568 | XUGO215BHHKA00568 | 6BG1-369359 | XCMG Hydraulic Excavator | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| Ba.2.Ka. 9823 | 861583552130 | 6039 1204 | XCMG Co. Ltd. Vibrator Roller | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| Ba.2.Ka. 9824 | 861583552129 | 6039 1211 | XCMG Co. Ltd. Vibrator Roller | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| Ba.3.Ka 50 | XUG04037LGJE03388 | C6230 1316A | XCMG Roller | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| Ba.3.Ka 227 | XUG13503EHDB00149 | 7846 3086 | XCMG, MOTOR GRADER | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| BA 3 KA 2556 | XUGO215BHHKA00585 | 6BG1-371751 | XCMGEXCAVATOR 215, 2017 | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| BA 3 KA 2555 | XUGO215BEHKAA00586 | 6BG1-371879 | XCMG EXCAVATOR 215, 2017 | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| BA 3 KA 2558 | XUG0050GPHLB10925 | 1217J0 06505 | XCMG WHEEL LOADER | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |
| BA 3 KA 2557 | XUG0215AHKA000573 | 6BG1-364989 | XCMG EXCAVATOR 215, 2017 | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा, ललितपुर |

माथि उल्लेखित **XCMG Hydraulic Excavator** मा प्रगोग हुने ७ थान **Hammer F15, Hydrolic Rock Breaker.**

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८२ साउन ११ गते** भित्र बैंकको शाखा कार्यालय पुतलीसडक, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय पुतलीसडक, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (**Good For Payment**) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८२ साउन १२ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय पुतलीसडक, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय पुतलीसडक, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८२ साउन १२ गते सोमबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय पुतलीसडक, काठमाण्डौ फोन नं. ०१-५३३२११२**



# ‘मौद्रिक नीतिको प्रतिबद्धताले अर्थतन्त्र सुधार गर्न खोजेको छ’

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८२/८३ को लागि शुक्रबार मौद्रिक नीति ल्याएको छ । नवनियुक्त गभर्नर डा. विश्वनाथ पौडेलले आफ्नो कार्यकालको पहिलो मौद्रिक नीति लचिलोपन देखाएको विश्लेषण गर्ने गरिएको छ । बैंकिङ र निजी क्षेत्रका मागमा केन्द्रित भएको मौद्रिक नीतिले अर्थतन्त्रमा देखिएको शिथिलतालाई अन्त्य गर्न सक्ला ? मौद्रिक नीतिमा गरिएको परिवर्तनले लगानीको वातावरण, निजी क्षेत्रको मनोबल र कर्जा विस्तार लगायतको क्षेत्रमा कतिको फाइदा पुग्ला भन्ने विषयमा मध्यान्हका छबि सापकोटाले बैंकिङ विज्ञ अनलराज भ राईसँग संक्षिप्त कुराकानी गरेका छन् ।

**अनलराज भट्टराई**
बैंकिङ विज्ञ

**नेपाल राष्ट्र बैंकका गभर्नरको कार्यकालको पहिलो मौद्रिक नीतिलाई कसरी हेर्नुभएको छ ?**

मौद्रिक नीति आम नागरिकको आत्मविश्वास बढाउने हिसाबले नै आएको छ । मौद्रिक नीतिले अर्थतन्त्र सुधारको लागि धेरै नै प्रतिबद्धता बोकेको छ। अब राष्ट्र बैंकले निकाल्ने निर्देशन आएपछि राष्ट्र बैंक कसरी अगाडि बढ्छ भन्ने स्पष्ट देखिन्छ। अहिले मौद्रिक नीतिले कमिटमेन्टमार्फत् वर्किङ क्यापिटलदेखि कर्जा बिस्तारमा सहजता देखाएको छ। ब्याजदर, शेयर कारोबार, निजी आवासीय घर कर्जा लगायतको क्षेत्रमा मौद्रिक नीतिले लचकता देखाउँदा लगानीकर्ताको मनोबल बढाउने काम गर्न सक्छ।

समग्रमा हेर्दा मौद्रिक नीतिले पोजिटिभ लिड लिन सफल भएको छ। अब मौद्रिक नीतिपछि नेपाल राष्ट्र बैंकले नियमन व्यवस्थालाई छिटो भन्दा छिटो ल्याएर कार्यान्वयनमा जान आवश्यक छ। साउनको पहिलो सातामै नियमन व्यवस्था आउने हो भने अर्थतन्त्रलाई गति दिने काम गर्छ।

**केही वर्ष यता राष्ट्र बैंकले ल्याउने मौद्रिक नीति लचिलो हुँदै आएको देखिन्छ । यसले अर्थतन्त्रलाई सुधारमा सहयोग पुऱ्याउला ?**

अहिले बैंकमा पैसा थुप्रिएको छ। कर्जा प्रवाह हुन सकिरहेको अवस्था छैन। बैंकको पुँजीको व्यवस्थापन र खराब कर्जाको व्यवस्थापन सबैभन्दा महत्वपूर्ण कुरा हो । अहिलेको मौद्रिक नीतिले दुवै कुरालाई समेटेको छ ।

खराब कर्जालाई व्यवस्थापनको लागि मौद्रिक नीति लचिलो हुने बित्तिकै आर्थिक गतिविधि बढ्छ। खराब कर्जासम्बन्धी अहिलेको व्यवस्थालाई पुनरावलोकन गर्ने र पुँजी वृद्धिको लागि पनि सपोर्ट गर्ने भनिएको छ । अहिले बैंकहरू दबाबमा हुँदा बैंकहरूबाट कर्जा प्रवाह भइरहेको छैन, त्यसलाई समाधानको औषधि खोज्छौं भनेको हुँदा त्यसले सकारात्मक प्रभाव ल्याउने अनुमान गर्न सकिन्छ।

**ब्याजदर करिडोर घटाइएको छ यसले निक्षेप संकलनमा त्यस्तो प्रभाव पार्ला ?**

अहिले पनि निक्षेपकर्ताले जति पाउन पर्ने त्यति ब्याज पाएका छैनन्। ‘एभरेज कस्ट अफ फण्ड’ हाम्रो मुद्रास्फितिको हाराहारीमा छ। संस्थागत निक्षेपकर्ताको मुद्दती निक्षेप अलिकति कम हुँदै गाएको छ। ब्याजदर पनि एकदम कम छ । त्यो अब २.७५ प्रतिशतमा आउँछ। यो चाहिँ निक्षेपकर्ताको हितमा चाहिँ हुँदैन। तर, अरु विकल्प नभएको कारणले गर्दा निक्षेपकर्ताहरू कहाँ जाने त ?

हामीकहाँ अरु बजार छैन । ऋणपत्र बजार पनि सानो छ। क्यापिटल मार्केट त त्यति राम्रो भा छैन। पुँजी बजारलाई विकासमा लैजानुपर्ने देखिन्छ। जति ब्याज दिए पनि निक्षेपकर्ताले त बैंकमै पैसा राख्नुपर्ने अवस्था छ । कुनै बेलामा एक प्रतिशत ब्याज हुँदा पनि बैंकमा नै पैसा राखिथ्यो । अहिले राष्ट्र बैंकले ब्याजदरलाई स्थिर त बनाएको छ, तर त्यो हिसाबले निक्षेपकर्तालाई अरु लगानी गर्ने औजार छैन । ब्याजदर घट्दा समेत निक्षेपकर्ता निरूत्साहित भएर जाने ठाउँ छैन ।

त्यसैले, हामीलाई पुँजी बजार विकास गर्नुपर्ने आवश्यकता छ। यस्तै, ऋणपत्र बजार विकास गर्नुपर्ने आवश्यकता बढेको छ । कर्जा लिनलाई पनि बैंकमै आउनुपर्ने र पैसा जम्मा गर्न पनि बैंकमै जानुपर्ने अरु विकल्पको बजारै भएन त्यसकारण अरु विकल्प बजार विकास गर्न सरकारले लाग्नु पर्छ।

**निजी आवासीय घर कर्जा र घर जग्गा खरिदमा लचिलो हुँदा उत्पादनमा भन्दा अनुत्पादक क्षेत्रमा कर्जा बढ्दा समस्या हुँदैन ?**

संसारभरी नै उपभोगको कर्जालाई सबैभन्दा बढी महत्व दिएको हुन्छ । यदि उपभोग नै भएन भने उत्पादन गरेर के गर्ने ? सिमेन्ट फ्याक्ट्री खुल्यो तर, घर बनाउने भएनन् भने के गर्ने ? उपभोक्ताको माग भएन भने उत्पादन गरेर के गर्ने ? त्यसकारण उपभोगको कर्जा पहिला बढाउनुपर्ने अवस्था हुन्छ।

अहिले पनि उद्योग ६० प्रतिशत क्षमतामै चलेका छन् । माग भएको भए त सय प्रतिशतमा चल्थे । त्यसकारण उपभोग बढाउन आवश्यकता छ। सरकारले उपभोगसँगै उत्पादन नीति मै जोड दिनु पर्छ।

निजी क्षेत्रमा कर्जा प्रवाहको लक्ष्य १२ प्रतिशतको लक्ष्य महत्वकांक्षी नै छ। गैरबैंकिङ सम्पत्ति लिएको दुई वर्षको लागि पुरक पुँजीमा राख्न पाइने भनिएको छ, यो सकारात्मक छ तर, पुँजी स्थिर भएको हुनाले १२ प्रतिशत कर्जा वृद्धि हुन गाह्रो छ। तर, मौद्रिक नीतिले पुँजी बढाउने, जोखिम भारलाई सम्बोधन गर्ने, साना उद्यमी कर्जामा ध्यान दिएको छ, त्यसले कर्जा विस्तारको लागि सहयोग गर्ने देखिन्छ।

## नबिल बैंक ४२औं वर्षमा प्रवेश




**काठमाडौं/मस** – नबिल बैंक स्थापनाको ४१औं वर्ष पूरा गरी ४२ औं वर्षमा प्रवेश गरेको छ। सो बैंक सन् १९८४ मा स्थापना भएको थियो । बैंकले नेपालको वित्तीय क्षेत्रको आधुनिकीकरण, डिजिटल प्रविधिको उपयोग र मुलुकको आर्थिक वृद्धिमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको जनाएको छ।

बैंकले आफ्नो सेवा र उत्पादनलाई ग्राहक केन्द्रित बनाउँदै नेपालको पहिलो नम्बरको बैंकका रूपमा आफूलाई स्थापित गरेको दाबी गरेको छ । बैंकले वित्तीय सेवा मात्र नभई समाज र वातावरणमै सकारात्मक प्रभाव पार्ने दिगो बैंकिङलाई पनि प्राथमिकता दिँदै आएको समेत जनाएको छ।

४१औँ वार्षिकोत्सवका अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) मनोजकुमार ज्ञवालीले नबिल बैंकले राष्ट्रको आर्थिक समृद्धिमा आफ्नो निरन्तर योगदानलाई गर्वका साथ स्मरण गर्दै आगामी दिनमा पनि उत्तरदायी, नवीन र दिगो बैंकिङ अभ्यासमार्फत् अझ सशक्त रूपमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका छन् । साथै उनले सम्पूर्ण ग्राहक, कर्मचारी, नियामक, सरकारी निकाय, शेयरधनीलगायत सरोकारवालालाई यहाँसम्म आइपुग्नका लागि दिएको साथ र साहयोगका लागि आभार व्यक्त गरे।

स्थापनादेखि नै कम्प्युटर प्रणालीमा आधारित सेवा प्रवाह गर्ने पहिलो संयुक्त लगानी बैंकको रूपमा परिचित नबिलले अहिलेसम्म आइपुग्दा प्रविधि प्रयोगलाई पनि प्राथमिकता दिएको उल्लेख गरेको छ। साथै, बैंकले सरकारको मौद्रिक तथा राजस्व नीतिअनुरूप वित्तीय सेवा उपलब्ध गराउँदै आएको जनाएको छ।

बैंकले २०८२ असार २६ सम्म कूल चार खर्ब ३३ अर्ब रुपैयाँ बराबरको कर्जा व्यवस्थापन गरेको छ भने पाँच खर्ब ३५ अर्ब रुपैयाँ बराबरको निक्षेप संकलन गरेको छ । जेठ मसान्तसम्ममा कृषि क्षेत्रमा ४९ अर्ब ५० करोड रुपैयाँ, ऊर्जा क्षेत्रमा ४० अर्ब रुपैयाँ तीन हजार मेगावाट भन्दा बढी विद्युत उत्पादनमा सहयोगी हुँदै, सूक्ष्म, लघु, साना तथा मझौला उद्यममा ३८ अर्ब ५० करोड रुपैयाँ र ब्याज अनुदानित योजनामार्फत् सात अर्ब रुपैयाँ कर्जा प्रवाह गरेको बैंकले जनाएको छ।

आर्थिक वर्ष २०४१/४२ मा बैंकको नेटवर्थ दुई करोड ८० लाख रुपैयाँ रहेकोमा आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रैमाससम्म आइपुग्दा ६१ अर्ब २४ करोड ७० लाख पुगेको छ भने निक्षेप संकलन १४ करोड ६० लाख रुपैयाँबाट बढेर आर्थिक वर्ष २०८१/८२ मा आइपुग्दा पाँच खर्ब १० अर्ब ६६ करोड ९० लाख पुगेको छ। बैंकका अनुसार कर्जा प्रवाह आर्थिक वर्ष २०४१/४२ मा १३ करोड ३० लाख रुपैयाँ रहेकामा आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रैमाससम्म आइपुग्दा यो बढेर चार खर्ब १५ अर्ब ८२ करोड ९० लाख पुगेको छ। बैंकको कुल सम्पत्ति पनि २६ करोड ९० लाख रुपैयाँबाट बढेर आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रैमाससम्म ६ खर्ब ११ अर्ब ८६ करोड २० लाख पुगेको छ।

प्रारम्भिक वर्षमा बैंकको कर पछिको नाफा १० लाख रुपैयाँ रहेकोमा आर्थिक वर्ष २०८१-८२ को तेस्रो त्रैमासमा पाँच अर्ब ५ करोड रुपैयाँ पुगेको छ। त्यसैगरी सुरुआती समयमा दुईवटा शाखा र एक सय ४४ जना कर्मचारीबाट सुरु भएको बैंकको यात्रा अहिले दुई सय ६८ शाखा र दुई हजार चार सय ३१ कर्मचारीमा पुगेको छ।

## माछापुच्छ्रे बैंकद्वारा अस्पताललाई वाटर चिलर प्रदान

**धनगढी/मस** – माछापुच्छ्रे बैंकले सुदूरपश्चिम प्रदेशको प्रमुख सरकारी अस्पताल महाकाली प्रादेशिक अस्पताललाई वाटर चिलर हस्तान्तरण गरेको छ । गर्मीको चाप र पिउने पानीको अभावलाई ध्यानमा राख्दै बैंकले अस्पतालमा उपचारका लागि आउने बिरामी, तिनका कुरुवा तथा अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरूलाई लक्षित गर्दै स्वच्छ पिउने पानीको पहुँच सुनिश्चित गर्न उक्त सहयोग प्रदान गरेको हो।

शुक्रबार धनगढीमा आयोजित कार्यक्रममा बैंकका सुदूरपश्चिम प्रदेश प्रमुख मनिष उपाध्याय तथा स्वास्थ्य तालिम केन्द्र, धनगढीका महाप्रबन्धक नरेन्द्र सिंह कार्कीले संयुक्त रूपमा वाटर चिलर महाकाली प्रादेशिक अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. अर्जुन भट्टलाई हस्तान्तरण गरेका थिए। अस्पतालमा दैनिक सयौं बिरामीको आवागमन हुने भए पनि पिउने स्वच्छ पानीको पर्याप्त व्यवस्था नहुँदा समस्या भइरहेको जानकारी पाएपछि बैंकले उक्त सहयोग गरेको जनाएको छ।

## ‘नेपाल र रुवाण्डाबीच व्यापार, पर्यटन, लगानीमा साझेदारीको सम्भावना’




**काठमाडौं/मस** – नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपाल र रुवाण्डाबीच व्यापार, पर्यटन, लगानीका क्षेत्रमा सहकार्यको सम्भावना रहेको बताएका छन्।

रुवाण्डाको स्वतन्त्रता दिवसको अवसरमा काठमाडौंमा आयोजित कार्यक्रममा शुभकामना व्यक्त गर्दै उनले नेपालको चिया, जडीबुटी र हस्तकला र रुवाण्डाको प्रविधि, कृषि प्रशोधन र पर्यटन व्यवसायबीच सहयोगको सम्भावना रहेको बताए।

यस्तै, उनले नेपाल र रुवाण्डाबीच भन्सार सुधार, डिजिटल उपकरणको प्रयोग, व्यवसायको सहजता प्रवर्द्धन, संयुक्त व्यापार मञ्च र लगानी प्रवर्द्धनमा सहकार्य गर्न सकिने बताए। अध्यक्ष ढकालले रुवाण्डाले व्यवसाय गर्न सहज बनाउन गरेको सुधारको चर्चा गर्दै रुवाण्डा विकास बोर्डको पहल, एकदिनमै कम्पनी दर्ता हुने प्रक्रिया र लगानीमैत्री वातावरणले प्रविधि, वित्त, उत्पादन र पर्यटनमा विदेशी लगानी आकर्षित गरेको उल्लेख गरे।

कफी, चिया, पर्यटन र पूर्वाधार विकासमा भएको प्रगति नेपाली जनताका लागि पनि सिक्ने विषय भएको उनको भनाइ थियो। ‘रुवाण्डाको यात्राले हामीलाई देखाउँछ कि सानो देशले पनि ठूला कुराहरू हासिल गर्न सक्छ’, अध्यक्ष ढकालले भने, ‘बलियो संस्थाहरू, सरकार र निजी क्षेत्रबीचको सहकार्य नै यसको आधार हो। भन्ने कुरा हीले रुवाण्डाबाट सिक्न सक्छौं।’

रुवाण्डाको साहसिक रूपान्तरण यात्रा नेपाली जनताका लागि प्रेरणाको स्रोत भएको बताउँदै अध्यक्ष ढकालले १९९४ मा भएको नरसंहारपछि रुवाण्डाले शान्ति, एकता र प्रगति हासिल गर्न गरेको प्रयासलाई उच्च सम्मान प्रकट गरे। ‘रुवाण्डाले आफ्नो इतिहासको पीडादायी अध्याय समाप्त गरी विगत तीन दशकमा उल्लेखनीय प्रगति हासिल गरेको छ। उनले भने ‘रुवाण्डाको अर्थतन्त्र विगतका वर्षहरूमा ७ देखि ८ प्रतिशत वार्षिक वृद्धिदरमा भइरहेको छ, बलियो नेतृत्व, जनताको परिश्रम र व्यवसायमैत्री नीतिहरू नै रुवाण्डाको विकासको मुख्य आधार बनेको छ, यो सबैका लागि प्ररणादायी कुरा हो।’

## झम्सीखेलमा खुल्यो मार्सी थकाली रेष्टुरेन्ट



**ललितपुर/मस**– थकाली रेष्टुरेन्टहरूको भीडमा छुट्टै स्वाद र पहिचानसहित ललितपुरको झम्सीखेलमा मार्सी थकाली किचेन एन्ड बार रेष्टुरेन्ट सञ्चालनमा आएको छ। गत शुक्रबार धार्मिक विधि विधानअनुसार पूजापाठ र अनुष्ठानपछि उक्त रेष्टुरेन्ट शनिबारदेखि व्यावसायिकरूपमा सञ्चालनमा आएको हो।

उद्घाटनका अवसरमा रेष्टुरेन्टले ग्राहकहरूलाई दिएको छुटका कारण शनिबार हजार जनाभन्दा बढी पारखीहरूले मार्सी थकाली रेष्टुरेन्टका स्वादिष्ट परिकारको स्वाद लिए । शनिबार उल्लेख्य मात्रामा आएका ग्राहकलाई सकेसम्म सबैलाई उनीहरूका चाहनाअनुसारका परिकार ब्यन्जनबाट सन्तुष्ट तुल्याएको रेष्टुरेन्टका सञ्चालक व्यवसायी विप्लव लामाले मध्यान्ह दैनिकलाई बताए । २ सयको उपस्थितिमा जुनसुकै कार्यक्रम गर्न मिल्ने स्पेस रहेको उक्त रेष्टुरेन्टमा म्युजिक सिष्टमसहित डिजेहरूको पनि व्यवस्था गरिएको सञ्चालक लामाले बताए । रेष्टुरेन्टमा पार्किङको पर्याप्त सुविधा रहेको छ।

नेपालको जुम्ला जिल्लामा सीमित मात्रामा उत्पादित हुने स्थानीय जातको धान मार्सीका परिकार उक्त रेष्टुरेन्टको मुख्य परिकार हो। समुद्र सतहबाट करिब ३ हजार मिटरसम्म उत्पादन हुने जुम्ली मार्सी धानको चामल फाइदाजनक अन्न मानिन्छ।

धान पाक्न बढी समय लाग्ने भएकाले यसमा स्टार्च बढी हुन्छ । मार्सी थकाली रेष्टुरेन्टले मार्सी चामलको भातसँग अचार, साग, सलाद, मिक्स करी, दही, अर्गानिक कालो दाल तथा मासुको परिकार उपलब्ध गराउने मेनु तयार गरेको छ। करिब ३० जनालाई रोजगार दिएको र पाँच जनाको साझेदारीमा रहेको उक्त रेष्टुरेन्ट सबै तहका ग्राहकलाई लक्षित गरी सञ्चालनमा ल्याइएको पनि व्यवसायी लामाले बताए।

## विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही मिति **२०८२ असार २५** गतेभित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ।

**लेखा शाखा**

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

कमलपोखरी, काठमाडौं
०१५३२६३६६, ०१५३२८२९८
madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com
www.madhyanhadaily.com

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ